नागरिकका विवरण दुरुपयोग हुन नदिने गृहमन्त्रीको प्रतिबद्धता | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २६ •अंक २३३ • २०८१ साल माघ ५ गते शनिबार (18 January, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मधेश आन्दोलनको १८ वर्षः एजेण्डा पूरा हुन बाँकी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनको बलमा सरकारमा पटक पटक सहभागी भएर पनि मधेश आन्दोलनको एजेण्डा अझैसम्म पूरा नभएको भन्दै मधेश केन्द्रित दलहरु आन्दोलनको अलाप गर्न छाडेका छैनन् । तर १८ वर्षसम्म विभिन्न महत्वपूर्ण राज्यको विभिन्न जिम्मेवारीदेखि प्रदेश सरकारको नेतृत्वमा रहेका मधेश केन्द्रित दल जालझेल र सत्ता दौडधुपमा करिब दुई दशक बिताए पनि एजेण्डाले मूर्त रुपमा लिन सकेको छैन ।



१८ वर्षमा मधेश केन्द्रित दलहरुमा विभिन्न कित्तामा विभाजित हुने र नयाँ दल गठन गर्ने प्रक्रियाको अन्त्य भएको छैन ।

मधेश आन्दोलनको बलमा स्थापित भएको संघीयता आफ्नै देन रहेको दाबी गर्दै आएका जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आफूले आन्दोलन गरेकै कारण मधेशमा संघीयता स्थापना भएको दाबी गरे । तर मधेश आन्दोलनको औचित्य र एजेण्डबारे भने खासै बोल्न अचेल चाहदैंनन् । बरु उनी अझै पनि मधेश प्रदेशमा आफ्नो पार्टी नेतृत्वको सरकार बनाउन जालझेल र षड्यन्त्रका लागि प्रधानमन्त्री केपी शर्मा ओली नजिक भएका छन् ।

पूर्व उपप्रधानमन्त्रीसमेत भइसकेका अध्यक्ष यादवले मधेश आन्दोलनकैकारणकरिब३४प्रतिशत महिला स्थानीय तहदेखि संसदसम्म समावेशी भएको बताउँछन् । उनले अझै सम्म पनि मधेश आन्दोलनको आधारभूत माग मात्रै पूरा भएको जिकिर गर्छन् । उनले मधेशमा अझै पनि विभेद र भेदभाव कायमै रहेको बताए ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नराम्ररी पराजित भएका पूर्वमन्त्री राजेन्द्र महतोले आफ्नो असन्तुष्टि पोख्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट अलग भइ राष्ट्रिय मुक्ति पार्टी नेपाल गठन गरी अध्यक्ष बनेका छन् । विभिन्न कालखण्डदेखि गणतन्त्रसम्मका मन्त्री बनेका अध्यक्ष महतोले मधेशीले अझैसम्म पनि आफ्नो पहिचान नपाएको दाबी गरे । उनले मधेश प्रदेशको नाम राख्न सके पनि मधेश आन्दोलनको अधिकांश एजेण्डा पूरा नभएको बताए ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेशको अधिकार र पहिचानका लागि वर्षौंदेखि लडे पनि राज्यबाट सुनुवाइ नभएको बताए । उनले भने, 'हामी संविधान जारी भएकै दिनदेखि संशोधनका लागि आन्दोलन शुरु गरेको हो, त्यसका लागि हालसम्म पनि संघर्ष गरिरहेका छौं, तर राज्यको तर्फबाट कुनै सुनुवाइ भएको छैन ।'

### जानकी आँखा अस्पतालको बेथिति उजागर

## नियमानुसार मापदण्ड पूरा गरी सञ्चालन गर्नुपर्ने छानबिन समितिको ठहर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले गठन गरेको उच्चस्तरीय छानबिन समितिले जानकी आँखा अस्पताललाई विधिसम्मत रुपमा सञ्चालनका लागि प्रदेश सरकारमातहत ल्याउन प्रतिवेदन बुझाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गठन गरेको चार सदस्यीय उच्चस्तरीय छानबिन समितिले ८ पृष्ठ लामो प्रतिवेदन सार्वजनिक गर्दै जानकी आँखा अस्पताल जनकपुरधाम तथा नेपाल रेडक्रस सोसाइटी धनुषामा भएको बेथिति, अराजकता स्वेच्छाचारी र नीतिगत तथा आर्थिक अनियमितता भएको ठहर गरेको छ ।



सो अस्पतालको कर्मचारी भर्ना बढुवा र नियुक्ति प्रक्रिया विधिसम्मत नगरी मनोमानी ढंगबाट नियुक्ति भर्ना गर्ने गरेको, बहालवाला कर्मचारीलाई जबर्जस्ती हटाउने प्रयास गरेको, औषधि तथा अन्य साम्रगी खरिद गर्दा प्रक्रिया नपुऱ्याइ आर्थिक अनियमितता गरेको र अस्पताल मापदण्ड विपरीत सञ्चालनमा रहेको सो छानबिन समितिले सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अस्पताल सञ्चालन गर्दा नियम कानुन पालना नगरेको, औषधि तथा चश्मा पसल सञ्चालन गर्दा आर्थिक अनियमितता तथा सेवाग्राही बिरामीहरूसंग महगोमा चश्मा विक्री वितरण गरी आर्थिक अनियमितता तथा प्रचलित कानुनको उल्लंघन गरेको, नेपाल सरकारको राजस्व हिनामिनाजस्ता गम्भीर अपराध गरेको, जानकी आँखा अस्पतालको सञ्चालन नियमावली तथा आर्थिक र प्रशासनिक विनियमावली विपरीत कार्य गरी रहेको देखिएको उच्चस्तरीय छानबिन समितिका संयोजक डा. प्रमोद यादवले जानकारी दिए ।

जानकी आँखा अस्पताल तथा नेपाल रेडक्रस सोसाइटी धनुषा शाखाको व्यवस्थापक पदाधिकारीहरूले ऐन नियम विपरीत कार्य गरेको ठहर समेत सो छानबिन समितिले गरेको छ ।

उच्चस्तरीय छानबिन समितिले पाँच बुँदे कारबाहीका लागि सिफारिस गरेको उनले बताए ।

संघसंस्था दर्ता ऐन २०३४ को दफा १० बमोजिम स्थानीय अधिकारीलाई जानकी आँखा अस्पतालको हिसाब जाँचबुझ गराउन निर्देशन दिने र हिसाब, गर्दा अस्पतालको सम्पत्ति हिनामिना भएको पाइएमा विगो असुल गर्न निर्देशन दिनुपर्ने, प्रदेश संस्था दर्ता ऐन २०७९ को दफा ८ (२) ४ बमोजिमको संस्थाको हिनामिना गरेको सम्पत्ति फिर्ता गराउन लगाइ उपदफा ४ बमोजिम कारबाही हुनुपर्ने, प्रदेश संस्था दर्ता ऐन २०७९ को दफा ११ ३० ४ र १३ बमोजिमको कारबाही गर्नुपर्ने, नेपाल रेडक्रस सोसाइटी अन्तर्गत जानकी आँखा अस्पताल जनकपुरधामभित्र रहेको व्यवस्थापकीय एवम् अन्य समस्या तथा बेथितिविरुद्धमा लामो समयदेखि चलिरहेको संघर्षको शिलशिलामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदन बमोजिम नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका २०७० बमोजिम अस्पताल दर्ता नभएको तथा स्थायी लेखा नम्बरसमेत नरहेको अस्पताल दर्ता नभएसम्मका लागि जानकी आँखा अस्पताललाई प्रदेश सरकारको आफ्नो मातहतमा ल्याइ नियमानुसार मापदण्ड पूरा गरी सञ्चालन गर्नुपर्ने र नेपाल रेडक्रस सोसाइटी धनुषा जिल्ला शाखाको आर्थिक, प्रशासनिक तथा विविध विषयवस्तु छानबिन गर्न तालुकदार संघ तथा प्रदेशस्तरीय मन्त्रालय वा निकायबाट छानबिन समिति गठन गरी प्रक्रिया अगाडि बढाउन सो समितिले सिफारिससमेत गरेको छ ।

सो छानबिन समितिको संयोजक डा. यादव, सदस्य सचिवमा सन्तोष ठाकुर, सदस्यहरुमा जयकुमार राउत, सकिला मिया र उमेश कुमार यादव रहेका थिए ।







# भृकुटीमण्डपमा फर्निचर एक्स्पो सुरु



काठमाण्डु। नेपाल उड फर्निचर तथा होम टेक्सटायल अन्तर राष्ट्रिय प्रदर्शनीको दसौँ संस्करण शुक्रबारदेखि भृकुटीमण्डपमा सुरु भएको छ । प्रदर्शनीमा नेपाल, भारत, चीनलगायत मुलुकका काठजन्य सामग्री उत्पादक क्षेत्रका एक सयभन्दा बढी कम्पनीका विभिन्न ब्राण्डहरू प्रदर्शनीमा राखिएका छन् ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रदर्शनीको उद्घाटन गर्दै मुलुकमा उद्योग स्थापना हुन नसक्दा स्वरोजगारका लागि प्रदान गरिएका तालिममा गरिएको लगानीबाट लाभ लिन नसकिएको बताउनुभयो । उहाँले सरकारले विभिन्न प्राविधिक तालिम प्रदान गरे पनि तत्काल रोजगारी प्राप्त गर्न नसक्दा लगानीको लक्ष्य र प्रतिफल प्राप्त गर्न नसकिरहेको अवस्थामा काठजन्य उद्योगले त्यस्ता जनशक्तिको सदुपयोग गर्न आवश्यक रहेको धारणा राख्नुभयो ।

मन्त्री भण्डारीले भन्नुभयो, "सीप प्राप्त जनशक्तिलाई साना उद्योग खोल्न सरकार, निजीक्षेत्र र बैंकलगायत वित्तीय संस्थाले सहयोग गर्नुपर्छ । उद्योग क्षेत्रमा नयाँ प्रविधि र उपकरण भित्र्याउन सातै प्रदेशको सदरमुकाममा यस्ता प्रदर्शनी आयोजना गरिनुपर्छ, जसबाट स्वरोजगार हुन सहयोग पुऱ्याउँछ ।"

विदेशमा प्रयोग भएका नवीनतम प्रविधि नेपाल भित्र्याउने, उद्योग व्यवस्थापन गर्ने र नेपालका कच्चापदार्थको प्रयोग गरी उत्पादन गरिएका वस्तुहरू विदेश निर्यातका लागि सहजीकरण गर्ने उद्देश्यले मेला आयोजना गरिएको जनाइएको छ । "विदेशी कम्पनीले काठजन्य सामग्री उत्पादनमा प्रयोगमा ल्याएका नवीनतम प्रयोगबारे एकै थलोबाट नेपाली उद्यमीले जानकारी प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको छ । यसले हाम्रा उत्पादनको बजार प्रवर्द्धनमा समेत टेवा पुग्नेछ", मिडिया स्पेस सोलुसनका प्रबन्ध निर्देशक सृजल भट्टराईले भन्नुभयो,"हाम्रो अर्थतन्त्र उत्साहजनक ढङ्गले अघि बढ्न नसकिरहेको परिस्थितिमा नेपाली उद्योगलाई कसरी माथि लैजान सकिन्छ भनी जानकारी दिने प्रदर्शनी सफल हुने अपेक्षा गरिएको छ ।" प्रदर्शनीमा काठजन्य उत्पादन प्लाइउडदेखि घर, होटल, रेष्टुरेन्ट र महलका ढोका, झ्याल, भऱ्याङ तथा अन्य फर्निचर र सजावटका सामग्री उत्पादन कम्पनीका एक सयभन्दा बढी कक्ष छन् । प्रविधि हस्तान्तरणसहितको लक्ष्य लिइ आयोजना गरिएको प्रदर्शनीमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको छ । तीनदिने प्रदर्शनीमा करिब ३० हजार दर्शकले अवलोकन गर्ने आयोजकको अपेक्षा छ ।

प्रदर्शनीमा 'एआई'का माध्यमबाट घरभित्रको साजसज्जा कसरी गर्ने तथा साँघुरो ठाउँमा अन्तरिक सजावट गर्न सकिने विभिन्न उपायबारे जानकारी प्राप्त हुनेछ। प्रदर्शनीका क्रममा माघ ५ र ६ गते सरोकार भएकाहरूबीच फर्निचर क्षेत्रबारेमा जानकारी गराउन कार्यशालासमेत गरिने जनाइएको छ ।रासस

# जलवायु न्यायका लागि सगरमाथा संवाद : वनमन्त्री शाही

काठमाण्डु । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु न्यायसम्बन्धी विषय अन्तर्राष्ट्रियस्तरमा पु-याउने उद्देश्यले सगरमाथा संवाद आयोजनाको तयारी गरिएको बताउनुभएको छ ।

राष्ट्रिय मानवाधिकार आयोगले शुक्रबार यहाँ आयोजना गरेको स्वच्छ वायु अधिकार र जलवायु न्यायसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको तयारी बैठकमा सक्छन् भन्ने विषयमा जोड दिइएको बताउनुभयो ।

विभिन्न १० मन्त्रालयका सचिवस्तरीय उपस्थिति र काठमाडौँ तथा ललितपुर महानगरपालिकाका कार्यकारी प्रमुखहरूको सहभागितामा लामो समयपछि 'काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६' को बैठक सम्पन्न भएको उहाँले जानकारी गराउनुभयो ।

उक्त कार्ययोजनाको मुख्य उद्देश्य



उहाँले सम्मेलनका लागि आवश्यक सहयोग गर्न मन्त्रालय तयार रहेको उल्लेख गर्नुभयो ।

बैठकमा उठाइएका विषयहरू स्वच्छ वायु, जलवायु न्याय र मन्त्रालयका लागि अत्यन्त महत्त्वपूर्ण रहेको उहाँको भनाइ थियो ।

उहाँले उपलब्ध अवसर र स्वच्छ प्रविधिको उपयोग गरेर नेपालले अन्य देशले गरेका गल्ती नदोहो-याई स्वच्छ र दिगो विकासको मार्ग अपनाउन काठमाडौँ उपत्यकामा वायु प्रदूषणको रोकथाम र नियन्त्रण गरी नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु रहेको उहाँले स्पष्ट पार्नुभयो।

मन्त्री शाहीले हाल वन मन्त्रालयले सबै मन्त्रालयको सहभागितामा जलवायु परिवर्तनसम्बन्धी १० वर्षे योजना राष्ट्रिय निर्धारित योगदान (एनडिसी) बनाउने तयारीमा रहेको जानकारी गराउनुभयो ।रासस

# एकै दिन दुई दुर्घटना हुँदा दुईको मृत्यु



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको विभिन्न दुई स्थानमा शुक्रबार भएको छुट्टाछुट्टै सडक दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

शुक्रबार बिहान जनकपुरधाम-ढल्केबरसडकखण्डको क्षीरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा कारले ठक्कर दिएपछि मोटरसाइकलको मृत्यु भएको छ ।

जनकपुरधामतर्फबाट ढल्केवरतर्फ जाँदै गरेको ज ८ प ३६१५ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ जाँदै गरेको बा १३ च ९२९२ नम्बरको कारले ठक्कर दिँदा मोटरसाइकलमा सवार मिथिला नगरपालिका २, राघोपुर घर भएका २५ का नागेन्द्र मण्डलको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

मोटरसाइकल ठक्कर दिएर ढल्केवरतर्फ भाग्दै गरेको अवस्थामा सो कारसहित चालक काभ्रेका पाँचखालका ३३ वर्षीय रोशन अधिकारीलाई पक्राउ गरी कारबाही प्रक्रिया सुरु गरेको धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक बरुण सिंहले जानकारी दिए ।

त्यस्तै शुक्रबारै बिहान जनकपुरधामस्थित बलवा टोलमा एक ट्रकको ठक्करले पैदल यात्रीको मृत्यु भएको छ ।

दुर्घटनामा महोत्तरी गाउँपालिका -५ स्थित गोरिगामा घर भएका ६० वर्षीय सत्यनारायण साहको घटनास्थलमै मृत्यु भएको उनले बताए ।

मध्यमा परिक्रमा सडक हुँदै बलवा टोलतर्फ जाँदै गरेको ना ६ ख ४५३७ नम्बरको ट्रकले पैदलयात्री वृद्धलाई ठक्कर दिएको थियो ।

दुर्घटनापछि ट्रकसहित चालक मिथिला नगरपालिका -११ का ४१ वर्षीय शिवकुमार थामीलाई प्रहरीले नियन्त्रणमा लिएको जनाइएको छ ।

# तारादेवी सम्मान शाह, रसाइली र तीर्थकुमारीलाई



काठमाण्डु । तारादेवी फाउन्डेसनले यस वर्षको ' तारादेवी सम्मान' तीन जनालाई प्रदान गर्ने भएको छ ।

संस्थाका अध्यक्ष दीपक केसीको अध्यक्षतामा बसेको बैठकले गीतकार चाँदनी शाह (मरणोपरान्त), सङ्गीतकार सिके रसाइली र गायिका तीर्थकुमारीलाई उक्त सम्मान प्रदान गर्ने निर्णय गरिएको फाउन्डेसनका कोषाध्यक्ष रमेश थापाले जानकारी दिनुभयो। सम्मानका साथ ताम्रपत्र, दोसल्ला र जनही रु २५ हजार रहेको छ।

विसं २०७४ मा स्थापित फाउन्डेसनले यसअघि १२ स्रष्टालाई सम्मान गरिसकेको छ। स्वर किन्नरी तारादेवीको स्मृति दिवसका दिन यही माघ ९ गते उक्त सम्मान दिइनेछ। दस वर्षको उमेरदेखि गीत गाउन थाल्नुभएकी गायिका तारादेवीले करिब तिन हजार पाँच सय गीतमा स्वर र सङ्गीत दिनुभएको थियो ।रासस

# दुग्ध विकास संस्थानले तिऱ्यो ३१ वर्षको सम्पत्ति कर

काठमाण्डु । दुग्ध विकास संस्थानले काठमाडौँ महानगरपालिकालाई ३१ वर्षको सम्पत्तिकर एकैपटक तिरेको छ। गत पुस २८ गतेको मूल्याङ्कनबमोजिम संस्थानले रु एक करोड दुई लाख ८७ हजार नौ सय २६ सम्पत्ति कर महानगरलाई तिरेको हो । महानगर-२६ सचिव केदार रिमालका अनुसार संस्थानले आर्थिक वर्ष २०४९/५० देखि आव २०८१/८२ सम्मको घरजग्गा/सम्पत्ति कर बुझाएको हो। संस्थानसहित सरकारका स्वामित्वमा निर्माण अवधि मानेर त्यसपछिको अवधिदेखि घरजग्गा/सम्पत्ति कर गणना हुने व्यवस्था रहेको राजस्व विभागका प्रमुख दीपक अधिकारीले जानकारी दिनुभयो ।

प्रमुख अधिकारीले भन्नुभयो, "पत्राचारपछि करदाताहरु सम्पर्कमा आउने क्रम सुरु भएको छ । यो सकारात्मक पक्ष हो । आर्थिक ऐनले गरेको बक्यौता कर असुलीसम्बन्धी व्यवस्थाबमोजिम राजस्व असुल गरिनेछ ।" ऐनबमोजिम कर दाखिला नगर्ने करदातालाई राजस्व विभाग वा वडा




भएका १२ वटा व्यावसायिक सङ्घसंस्थालाई कर दाखिला गर्न महानगरको राजस्व विभागले यसअघिनै पत्राचार गरिसकेको छ।

महानगरले जारी गरेको राजस्व ऐन, २०७५ तथा आर्थिक ऐनले सम्पत्ति करको दररेट तथा सङ्कलन प्रक्रियाबारे व्यवस्था गर्दै आएको छ । जसअनुसार नक्सापास भएको दुई वर्षलाई कार्यालयले पहिलो पटक ३५ दिनको समय तोकी पत्र, इमेल, वा म्यासेजमार्फत जानकारी गराउने उहाँको भनाइ छ।

समय अपुग भएर थप समय माग गरेमा राजस्व विभागका प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढीमा १० दिनसम्म अवधि थप गर्नसक्ने व्यवस्था रहेको जनाइएको छ ।रासस

# पेट्रोलियम पदार्थ अन्वेषण: नमुना लिएर प्राविधिक टोली चीन फर्कियो



काठमाण्डु । दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषणको ' ड्रिलिङ' कार्य सम्पन्न भएसँगै निस्किएको नमुना लिएर प्राविधिक विज्ञ टोली चीन फर्किएको छ । गत वैशाख २३ गतेदेखि सुरु गरिएको ड्रिलिङ कार्यबाट भेटिएको नमुना लिएर विज्ञ टोली चीन गएको हो ।

खानी तथा भूगर्भ विभागका भूगर्भविद् प्रकाश लुइँटेलले चार हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ कार्य सकिएसँगै त्यसबाट आएका नमुना 'स्याम्पल' लिएर चीनको प्राविधिक टोली फर्किएको बताउनुभयो । उहाँले भन्नुभयो, "विज्ञहरूले चार हजार एक सय तीन सय मिटर गहिराइसम्म खन्दा दुई/दुई मिटरको फरकमा गहिराइबाट गिट्टी र बालुवाको नमुना सङ्कलन गरिएको थियो । प्राप्त नमुनालाई सङ्कलन गरी सोर्स रक, रिजर्भ वायर रक र सिल रक थप अध्ययनका लागि मालवाहक गाडीमा ढुवानी गरेर टोली चीन फर्किएको ।"

पेट्रोलियम पदार्थको अन्वेषणका लागि गरिएको ड्रिलिङ कार्य सकिएपछि केसिङ र सिमेन्टको काम सकिएको भूगर्भविद् लुइँटेलले बताउनुभयो । उहाँले पेट्रोलियम पदार्थको अन्वेषणका लागि चीनबाट आएको ३५ जनाको प्राविधिक टोलीमध्ये १५ जना मात्र जलजलेमा रहेका र अन्य सबै फर्किएको जानकारी दिनुभयो । तीन महिनापछि उत्खननका लागि ग्यास भण्डारण र प्रशोधनको काम अगाडि बढाउन सकिने उहाँले बताउनुभयो ।

भूगर्भविद् लुइँटेलले भन्नुभयो, "पहिलो चरणमा चिनियाँ प्राविधिकहरूले दैलेखको स्थलगत अध्ययन गरेर पेट्रोलियम पदार्थ हुनसक्ने सम्भावित ठाउँ पत्ता लगाएका थिए । त्यसैका आधारमा ड्रिलिङका लागि रिङ हाउस निर्माण गरी काम सुरु भएको थियो । खानी भेटिएपछि त्यसको आर्थिक विश्लेषण हुने र त्यसपछि मात्र उत्पादनको आवश्यक काम अगाडि बढ्ने छ ।"

दैलेखको शिरस्थान नाभिस्थान पादुका स्थानमा तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग नेपाल सरकारले सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता गरेको थियो । सुरुआतमा तीन वर्षभित्र तीन चरणमा काम सक्नेगरी सम्झौता भए पनि कोरोना महामारीका कारण सम्झौताअनुसार काम हुन सकेको थिएन । चीन सरकारको रु दुई अर्ब ५० करोड अनुदानमा पेट्रोलियम पदार्थको अन्वेषण गरिएको हो । रासस

# नयाँ नम्बरबाट फोन र नयाँ 'आइडी'बाट मेल आउँछ ? सावधान !

काठमाण्डु । तपाईंलाई कुनै नयाँ खालको नम्बरबाट फोन आउने गरेको छ ? वा कुनै नयाँ इमेल आइडीबाट प्रलोभन दिने खालका सन्देशहरू आइरहेका छन? यदि आइरहेका छ भने सावधान ! त्यस्ता इमेल वा नम्बरबाट आएका सन्देश तथा कुराकानीमा विश्वास नगर्नुहोला । त्यसले तपाईंलाई घरबार विहीन समेत बनाउन सक्छ ।

नेपाल प्रहरी, साइबर ब्यूरोका प्रवक्ता, प्रहरी उपरीक्षक दीपक राज अवस्थी त्यसरी आएको फोन उठाउन र त्यस्ता इमेलको विश्वास नगर्न तथा प्रतिक्रिया नदिन आग्रह गर्नुहुन्छ । त्यसरी अपरिचित व्यक्तिले भनेका तथा अपरिचित इमेलबाट आएका सन्देशको भर पर्दा र प्रतिक्रिया जनाउँदा मानिसहरू ठगिएकाले यसतर्फ विशेष सावधानी अपनाउन उहाँले आग्रह गर्नुभएको हो ।

प्रहरी उपरीक्षक अवस्थीले पछिल्लो समय साइबर ब्यूरो लगायत नेपाल प्रहरीका विशिष्टीकृत कार्यालयहरू र नेपाल प्रहरीकै उच्च अधिकारीहरूको नाम तथा दर्जा प्रयोग गरी विभिन्न व्यक्तिहरूलाई चेतावनी युक्त इमेलहरू प्राप्त भएको जस्ता गुनासोहरू नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरोमा प्राप्त भएकाले यसतर्फ ब्यूरोको समेत गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाल प्रहरी साइबर ब्यूरो लगायत अन्य प्रहरी कार्यालयहरूबाट पठाइएको भनिएका यस्ता इमेलहरू नक्कली भएकाले यस प्रकृतिका मेलहरूको विश्वास नगर्न साथै कुनै प्रतिक्रिया नदिन सम्पूर्ण महानुभावहरूमा विनम्र अनुरोध छ ।"

त्यसरी आएका इमेलका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको तथा कुनै शङ्का लागेमा ब्यूरोको आधिकारिक वेबसाइट cyberbureau.nepalpolice.gov.np मा रहेका सम्पर्क नम्बरहरू र इमेलमार्फत जानकारी गराउन सबैमा अनुरोध गरिएको छ। रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला सर्लाही हरिपुर्वा न.पा. वडा नं. ०६, नगरैठा चौकको घरैबाट मिति २०८१/१०/०१ गते करिब राति १२:०० बजे म.प्र. ०२-००८- प १५९७ नम्बरको कालो सेतो रंगको ईन्जिन नं. JA05EGR9E00659 चेचिस नम्बर MBLJAW092R9E00480 को Hero कम्पनीको Super Splender 125 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः आषिश कुमार यादव**
**ठेगानाः हरिपुर्वा न.पा.-६, (सर्लाही)**
**मो. नं. ९८४४२४०५१६, ९८२६५१२७२२**

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**



मेष:कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुन:तपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कट:कार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्या:तपाईंको इच्छाको मान राखिनेछ।
तुला:शुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिक: चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनु:आफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकर:लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भ:मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीन:आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**

**जनकपुरधाम ०४१**

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**रत्न सागर मन्दिर**
**प्रत्येक दिन**


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

**जानकी मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर**
**प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




विगत केहि दिनदेखि अचानक बढेको शितलहरीले जाडो बढ्दा जनकपुरधाम उपमहानगरपालिका र डिभिजन वन कार्यालयले जनकपुरधाम नगरको विभिन्न चौकमा दाउरा वितरण गरेपछि आगो ताप्दै सर्वसाधारण। *तस्बिर :टुडे*

# 'नेपाली प्राविधिज्ञ विश्वव्यापी प्रतिस्पर्धा गर्न सक्षम छन्'

काठमाण्डु। भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नेपाली प्राविधिज्ञहरूले विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्षम रहेका बताउनुभएको छ।



पुलचोक इञ्जिनियरिङ कलेजमा सिभिल इञ्जिनीयर विद्यार्थी समाज (सेस) ले शुक्रबारदेखि सुरु गरेको सिभिल इञ्जिनियरिङ प्रदर्शनी 'आधार' को उद्घाटन गर्दै उहाँले विश्वका नवीन प्रविधि र अनुसन्धानमा नेपाली प्राविधिक तथा प्राविधिज्ञहरूले उल्लेखनीय नतिजा ल्याउने गरेको भन्दै निराश हुने अवस्था नरहेको बताउनुभयो। मन्त्री दाहालले नेपाली प्राविधिकको ज्ञान र सीपलाई अन्तर्राष्ट्रिय मान्यता दिलाउने प्रक्रियासमेत सुरु भइसकेको बताउनुभयो। उहाँले नेपालमा पूर्वाधार र विकास निर्माणका काममा नेपाली इञ्जिनियर र प्राविधिकहरूको भूमिका सराहनीय रहेको उल्लेख गर्नुभयो। "नेपाल अहिले निर्माणको चरणमा छ।

नेपालमा अवसर छैन भनेर निराश मात्र हुने अवस्था छैन। सिकेको ज्ञान र सीपबाट नेपालकै समृद्धिका लागि योगदान गर्न सकिने आधार बनिरहेको छ", मन्त्री दाहालले भन्नुभयो,"नेपाली प्राविधिक तथा वैज्ञानिकहरूले भू-उपग्रह प्रक्षेपणदेखि नवप्रवर्तनका विभिन्न क्षेत्रमा उल्लेखनीय प्रगति गरिरहेका छन्। युवाको ज्ञान, सीप र क्षमताको प्रोत्साहनका लागि सरकारले प्राथमिकता दिइरहेको छ।" रासस

# फलामखानी र मल कारखाना खोल्दैछौँ, ऊर्जा खपतको चिन्ता गर्नुपर्दैन : प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्री केपी शर्मा ओलीले स्वदेशमै फलामखानी र मल कारखानाजस्ता ठूला उद्योग स्थापना हुने क्रममा रहेका र बन्द भएका उद्योगलाई नयाँ ढाँचामा सञ्चालनको तयारी भएकाले उत्पादित ऊर्जाको खपतको चिन्ता लिइरहनु नपर्ने बताउनुभएको छ।



स्वतन्त्र ऊर्जा उत्पादक सङ्घ (इप्पान) को रजतजयन्तीका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले ऊर्जा उत्पादकले उत्पादित ऊर्जा खपतका ठाउँ आफैँ बनाउने भएकाले ऊर्जा बिक्रीको चिन्ता गरिरहनु नपर्ने बताउनुभएको हो। सरकारले आगामी ११ वर्षभित्र २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादनको मार्गचित्र तयार गरेको उहाँले बताउनुभयो।

"हामीसँग आठ वटा औद्योगिक क्षेत्र छन्।

धौवादी फलाम खानी र मल कारखाना खोल्दैछौँ। दैलेखमा ग्यास उत्पादन हुँदैछ। ध्वस्त भएका उद्योगले पुनःजीवन पाउँदैछन्।

ती सबैमा ऊर्जाका खपत हुनेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "ग्रिन हाइड्रोजन इनर्जी उत्पादन गर्न पनि अनुसन्धान भइरहेको छ। यस क्षेत्रमा नयाँनयाँ सम्भावनाको खोजी गर्नुपर्नेछ। देशलाई आधुनिकीकरण र विकास गर्दै अध्याँरोबाट उज्यालोमा लाने प्रयासमा लागेका ऊर्जा उत्पादकको योगदानको म प्रशंसा गर्दछु।

तपाईंहरु लगानी गर्नुस्, लगानी खोज्दै अरुलाई खोला दिइरहनु पर्दैन।"

प्रधानमन्त्री ओलीले ऊर्जा क्षेत्रमा सरकारको लगानीका साथै निजी र वैदेशिक क्षेत्रको लगानीलाई पनि उत्तिकै महत्व दिइएको जनाउँदै व्यवस्था बदलियो अवस्था बदलिएन भन्नेहरुलाई ऊर्जा उत्पादकहरुले हासिल गरेको सफलताले देशको अवस्थामा परिवर्तन ल्याएको स्पष्ट गर्नुभयो। फरक प्रसङ्गमा प्रधानमन्त्री ओलीले जनतालाई सेवा दिन र विकासलाई गति दिन अध्यादेश जारी भएको स्पष्ट गर्दै आगामी १५ दिनपछि हुने संसद्‌को अधिवेशनमा तिनलाई पेस गरी दुई महिनाभित्र पारित गरिने बताउनुभयो।

प्रधानमन्त्री ओलीले आयातीत कोइला, पेट्रोल, डिजेललगायत वातावरणमा समेत प्रभाव पार्ने 'फोसिल फ्युल'को प्रयोग घटाउँदै अधिकभन्दा अधिक नवीकरणीय ऊर्जा उत्पादन बढाएर मुलुकलाई समृद्ध बनाएरै छाड्ने दृढता व्यक्त गर्नुभयो।रासस

# काठमाडौँ विश्वविद्यालय र धुलिखेल अस्पतालको विवाद समाधान

काठमाण्डु।काठमाडौँविश्वविद्यालय र धुलिखेल अस्पतालबीचको चार वर्षदेखिको विवाद सुल्झिएको छ। विवाद समाधान गर्न गठित सहजीकरण समितको सुझावसहितको प्रतिवेदन आज भएको विश्वविद्यालय सभाको ९८ औँ बैठकले स्वीकार गरेसँगै दुवै संस्थाको सम्बन्ध पूर्ववत् भएको हो।



प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा शुक्रबार भएको सभाको बैठकले विवाद समाधान गर्न राष्ट्रिय योजना आयोगका सदस्य गीताकुमारी पौड्याल अधिकारीको संयोजकत्वमा गठित सात सदस्यीय सहजीकरण समितिको प्रतिवेदनलाई पारित गरेको हो। प्रतिवेदनअनुसार तीन महिनाभित्र नयाँ सम्झौता तयारीका लागि आयोगका सदस्य अधिकारी नै संयोजक रहनुभएको समिति गठन गरिएको छ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार समितिमा विश्वविद्यालयबाट प्रा डा ऋषिकेश वाग्ले र प्रा डा मनोज हुमागाईं तथा अस्पतालका तर्फबाट डा विराजमान कर्माचार्य र प्रा डा राजीव श्रेष्ठ रहनुभएको छ। समितिले नयाँ सम्झौताको मस्यौदा आगामी सिनेटमा प्रस्तुत गर्नेछ। सम्झौता नहुन्जेल दुवै संस्थाको दैनिक सञ्चालन सम्बन्धित सङ्कायका डीन र प्रशासकीय निर्देशक रहेको तीन सदस्यीय अन्तरिम सहजीकरण समिति पनि गठन भएको छ।

यसअघिका सिनेट बैठकमा विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री ओलीले अन्तर राष्ट्रियस्तरमा समेत ख्यातिप्राप्त ती दुवै संस्था आपसमा मिल्नु उचित हुने भएकाले अलग हुने प्रस्ताव नल्याउन आग्रह गर्नुभएको थियो।

विसं. २०५९ चैत १९ गतेको पारस्परिक सम्झौताका आधारमा सहकार्य गरेका ती संस्थाबीच बेमेल भएपछि गत साउन ३० गतेको विश्वविद्यालय सभाको ९७ औँ बैठकको मार्गदर्शनअनुसार आपसी संवाद थाल्ने निधो भएको थियो।

प्रधानमन्त्री ओलीले विवाद मिलाउन गठित समितिले सघन परामर्शसमेत गरेर समाधान निकाल्न सकेकामा खुसी व्यक्त गर्दै त्यसले नयाँ क्षितिज उघारेको बताउनुभयो।

यस प्रतिवेदनले नयाँ एकतासहित भविष्यको नयाँ गोरेटो तय गरेको छ, यसलाई नबिगारीकन कार्यान्वयनमा लान सकेमा राम्रो प्रतिफल आउने उहाँले बताउनुभयो।

सहजीकरण समितिमा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा डा भोला थापा, स्कुल अफ मेडिकल साइन्सेसका डीन प्रा डा मनोज हुमागाईं, स्कुल अफ लका डीन डा ऋषिकेश वाग्ले तथा अस्पतालका तर्फबाट कार्यकारी निर्देशक डा रामकण्ठ माकजु श्रेष्ठ, प्रशासकीय निर्देशक डा विराजमान कर्माचार्य र अनुसन्धान निर्देशक प्रा डा राजीव श्रेष्ठ हुनुहुन्थ्यो।

उपकुलपति छनोटको कार्यविधिमा पुनर्विचार गर्न निर्देशन बैठकले विश्वविद्यालयको नयाँ उपकुलपति चयनका लागि गठित खोज तथा सिफारिस समितिलाई चिकित्साशास्त्र सङ्कायमा कार्यरत वरिष्ठ शिक्षकहरुले समेत आवेदन गर्न पाउनेगरी कार्यविधिमा व्यवस्था गर्न निर्देशन दिएको छ।

उपकुलपतिको आवेदनका लागि आव्हान भएको सूचनामा आफूहरुलाई आवेदन गर्नबाट वञ्चित गराइएको भनी चिकित्साशास्त्र सङ्कायका शिक्षकहरुले कुलपति एवं प्रधानमन्त्री ओलीसमक्ष निवेदन दिएको विषयमा छलफलपछि बैठकले कार्यविधि पुनःविचार गर्न निर्देशन दिएको हो।

दुई कार्यकाल उपकुलपति भइसकेका व्यक्तिसमेत आवेदन दिन नपाउने तथा हरेक कार्यकालका लागि कार्यविधि संशोधन भइरहने स्थितिप्रति बैठकमा ध्यानाकर्षण गराइएको थियो।

पूर्वउपकुलपति प्रा डा सुरेशराज शर्माको संयोजकत्वमा गठित खोज तथा सिफारिस समितिले चिकित्साशास्त्र सङ्कायका शिक्षकहरुलाई पनि समेट्न उम्मेदवार छनोटको कार्यविधि संशोधन गरेर पुनः सूचना जारी गर्ने भएको छ।रासस

# वैदेशिक अध्ययनमा मात्रै ४७ अर्ब ३४ करोड खर्च

काठमाण्डु। देशभित्रै सुविधासम्पन्न विश्वविद्यालय र शैक्षिक संस्थानहरू सञ्चालनमा रहेको भए पनि विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीको सङ्ख्या उस्तै रहेको छ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार चालु आर्थिक वर्षको पाँच महिनामा नेपाली विद्यार्थीले विदेशी शैक्षिक कार्यक्रमका लागि मात्रै रू ४७ अर्ब ३४ करोड बराबरको खर्च गरेका छन्।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार भ्रमण व्यय १२ दशमलव दुई प्रतिशतले वृद्धि भई रू ८५ अर्ब एक करोड पुगेको छ। त्यसमध्ये शिक्षातर्फको व्यय रू ४७ अर्ब ४१ करोड रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रू ७५ अर्ब ७२ करोड रहेको थियो।

गत मङ्सिर मसान्तसम्म खुद सेवा आय रू ४० अर्ब ७१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रू २६ अर्ब ५५ करोडले घाटामा रहेको थियो। सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय तीन दशमलव एक प्रतिशतले वृद्धि भई रू ३५ अर्ब १९ करोड पुगेको छ। रासस

# दुई अर्ब बराबरको सम्पत्ति जफत गर्दै गृहमन्त्रालय

काठमाण्डु। गृह मन्त्रालयले भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति सरकारका नाममा फिर्ता ल्याउन सक्रियता बढाएको छ।




त्यस क्रममा सर्वोच्च अदालतबाट जफत हुने भनेर फैसला भएका घरजग्गा सरकारका नाममा ल्याउने प्रस्ताव गृह मन्त्रालयमार्फत मन्त्रिपरिषद् पठाइएको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले जानकारी दिनुभयो। "पाँच जना पूर्वप्रशासक र आपराधिक गतिविधिबाट एक भारतीले नेपालमा खरिद गरेको घरजग्गा जफतका लागि प्रस्ताव पठाइएको छ", उहाँले भन्नुभयो, "हामीले अदालतबाट सोसम्बन्धी भएका फैसलाको लगत सङ्कलनका लागि शाखा अधिकृतको नेतृत्वमा पाँच वटा समूह बनाएर खटाएका छौँ।" महानिर्देशक पन्थीले सम्पत्ति जफतसम्बन्धी विभिन्न अदालतबाट तीन हजार पाँच सय फैसला भएको जानकारी दिनुभयो।

उहाँले रु दुई अर्ब बराबरको सम्पत्ति जफतको तयारी भइरहेको बताउनुभयो। पहिलो चरणमा पाँच पूर्वप्रशासकले भ्रष्टाचारबाट आर्जन गरेको काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेको सम्पत्ति जफतको प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो।

अदालतबाट फैसला भई जफत गर्नुपर्ने घरजग्गा लामो समयदेखि कसुरदारले नै प्रयोग गर्दै आएको अवस्थामा मन्त्रालयले जफत गर्ने कार्यलाई सक्रियताका साथ अघि बढाएको गृहमन्त्रालयले जनाएको छ। कसुरजन्य सम्पत्ति जफतसम्बन्धी ऐनअनुसार सर्वोच्चबाट फैसला भएका घरजग्गा जफत गरी सरकारका नाममा ल्याउने कार्य तीव्र गतिमा बघि बढाइने महानिर्देशक पन्थीको भनाइ छ।

विभागका अनुसार पूर्वप्रशासक, कर्मचारी तथा परिवारका सदस्यहरू, आमोनन्द मिश्र, सरस्वती ढुङ्गाना, मुरारीबहादुर कार्की, केशरजङ्ग खड्का र रामात्रा चतुर्वेदीको काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा रहेका घरजग्गा जफत गर्ने प्रक्रिया मन्त्रिपरिषद्मा पुगेको हो। यस्तै, आपराधिक गतिविधिबाट एक भारतीले नेपालमा खरिद गरेको घरजग्गा पनि जफतका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको छ।

विगतमा आपराधिक गतिविधिमा संलग्न भारतको असाम राज्यका निरञ्जन होजाइले नेपाली महिलाका नाममा काठमाडौँको जोरपाटीमा राखेको जग्गा र घर जफतका लागि गृह मन्त्रालयले अघि बढाएको हो। डेढ वर्षअघि कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले सो घर खाली गराए पनि सरकारको नाममा आउन नसकेको महानिर्देशक पन्थीले बताउनुभयो। "होजाइसँग विवाह गरेकी सरिता गिरीको नाममा सो घरजग्गा छ", उहाँले भन्नुभयो, "होजाइले नेपालमा निर्मल राईका नाममा नागरिकता लिई आफ्नो पहिचान लुकाएर आतङ्कवाद/आपराधिक गतिविधिको पैसा ल्याएका थिए।

सिन्धुपाल्चोककी सरितासँग बिहे गरी उनी र उनको परिवारका नाममा सम्पत्ति लुकाएको अनुसन्धानमा भेटिएपछि मुद्दा दायर भएको थियो।" महानिर्देशक पन्थीले कसुरजन्य सम्पत्ति जफतको कामलाई तीव्रता दिइने बताउनुभयो।

जफतको ठहर भएका घरजग्गा लिलामी गर्ने वा सरकारका नाममा ल्याउने दुवै विकल्प कानुनले दिएको छ। भ्रष्टाचारसम्बन्धी मुद्दामा जफत गर्न लागिएका घरजग्गा भने सरकारका नाममा ल्याएर सरकारी प्रयोजनमा प्रयोग गरिने विभागले जनाएको छ।रासस

# आमाको दूधलाई प्रतिस्थापन गर्ने आहार नबेच्न निर्देशन

काठमाण्डु। जनस्वास्थ्य कार्यालय काठमाडौँले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु बिक्री-वितरण नगर्न निर्देशन दिएको छ। कार्यालयले बजारमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुको बिक्री-वितरण भइरहेको पाइएकाले सो कार्य बन्द गर्न आग्रह गरेको हो।

कार्यालयकी जनस्वास्थ्य अधिकृत अनिता खनालले बजारमा आमाको दूध प्रतिस्थापन गर्न विभिन्न आहार र खाद्यपदार्थ बिक्री वितरण गरिएको पाइकाले सो कार्य रोक्न निर्देशन दिएको जानकारी दिनुभयो। आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषण तत्व पाइने तथा पोसिलो र रोग प्रतिरोधको क्षमता बढाउने महत्वपूर्ण आहार भएकाले त्यसको विकल्पमा कुनै पनि खाद्य, आहार तथा बजारमा पाइने दूध हुन नसक्ने अधिकृत खनालले बताउनुभयो।

"विभिन्न औषधि पसल तथा अन्य पसलमा विभिन्न 'ब्रान्ड'का आमाको दूध प्रतिस्थापन गर्ने वस्तु प्रदर्शन गर्ने र सामाजिक सञ्जालको माध्यमबाट उक्त वस्तुलाई प्रवर्द्धन गर्ने गरेको पाइएको छ", उहाँले भन्नुभयो।

कार्यालयले आमाको दूध प्रतिस्थापन गर्ने वस्तुको (बिक्री-वितरण नियन्त्रण) ऐन २०४९ तथा नियमावली २०५१ को पालना गर्न तथा आमा र शिशुको स्वास्थ्य अधिकार प्रवर्द्धन गर्न सबैलाई आग्रह गरेको छ।रासस

**नेपाल अपाङ्ग संघ**

**खगेन्द्र नवजीवन केन्द्र, जिल्ला शाखा धनुषा, जनकपुरधाम**

**सूचना ! सूचना !! सूचना !!!**

**२३ औं शाखा (साधारण) सभा र शाखा कार्यसमितिको निर्वाचन स्थगित भएको जानकारी गराइएको बारे।**

नेपाल अपाङ्ग संघ खगेन्द्र नवजीवन केन्द्र जिल्ला शाखा धनुषाको मिति २०८१/०९/११ गतेको शाखा कार्यसमितिको निर्णय अनुसार २३ औं शाखा (साधारण) सभा र शाखा कार्यसमितिको निर्वाचन मिति २०८१ साल माघ ०५ गते हुने बो मिति २०८१/०९/१९ गते र स्थानीय पत्रिका जनकपुर टुडेमा मिति २०८१/०९/२२ गते सूचना प्रकाशित गरिएकोमा विशेष कारणवस यस शाखा कार्यसमितिको मिति २०८१/१०/०२ गतेको बैठकको निर्णय अनुसार २३ औं शाखा (साधारण) सभा र शाखा कार्यसमतिको निर्वाचन समेत अर्को सूचना नभएसम्मका लागि स्थगित भएकोमा यस शाखाका सम्पूर्ण आजीवन र साधारण सदस्य ज्यूहरुलाई जानकारीको लागि हार्दिक अनुरोध गर्दछु।

**सभापति**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## 'मन के बात लिखु'

सोचै छि एगो बात लिखु
अपन प्रेम कहानी के एगो किताब लिखु ।
मनके बात लिखु कि अपन हलात लिखु
अपना प्यार के अपन साथ लिखु कि अपन हाथ मे अहा के हाथ लिखु
प्यार के अबादि लिखु कि इजत के लिलामी लिखु ।
सोचै छि एगो बात लिखु
अपना प्रेम कहानी के किताब लिखु।
अहा के देखु अहा के बात लिखु
सचाइ लिखु कि झुठ के दोकान लिखु ।
अहा के बियाहक खुसी कि बियोगक सोग लिखु।
मिलाप के उ चान्दनि राइत लिखु कि बिछोर के भोरक चान्द लिखु ।
अपना प्रेम कहानी मे फुल संग बाहर लिखु कि वर्षा बिन अकाल लिखु । मन मे चैल रहल साजिस लिखु कि दिल मे बैन रहल बिसवास लिखु ।
चलाकी लिखु कि नदानि लिखु
अहा के ठोरक हसि लिखु कि अपन आइखक आँसु लिखु । अहा के अमिरी लिखु कि अपन गरिबी लिखु
कहु आइ अपन प्यार के कि कहानी लिखु ।
अहा के दिन कि अपने आँप के राइत लिखु
कहु आइ कोन बात लिखु ।
यदि लिखु अपन प्रेम कहानी के किताब त किताब के कि नाम लिखु ।



**लेखक : शिवे कर्ण**
**ठेगाना : हाँसपुर न.पा ९ टोल मोरहा**

## ।। आहा ! तिम्रो मुस्कान ।।

आहा ! तिम्रो मुस्कान..... मेरो बिहानीको सुमधुर अलार्म
तिम्रो रसिलो गुडमोर्निंगको स्वर मेरो प्रभातको अमृत आधार
तिम्रै नयनको चमक मेरो आँखाको पहिलो दृष्टि
तिम्रो कोमल स्पर्श मेरो जीवन यात्राको नया गन्तव्य
तिम्रो हाँसोको झंकार, मेरो हृदयको मधुर संगीत,
तिम्रो मायालु स्पर्श, मेरो आत्माको अपूर्व जीत।
तिमी बिना, समयको घडी ठप्प जस्तै,
तिमी हुँदा, जीवन एक उत्सव जस्तै।
तिम्रो उपस्थितिले संसार उज्यालो हुन्छ,
तिम्रो प्रेमले जीवन साकार हुन्छ।
ओ, मेरो जीवनको उज्यालो, मेरो सारा संसार,
आहा! तिम्रो मुस्कान... मेरो अस्तित्वको आधार।
म के लेखु म के-के कति भनु, मेरो राज्यको महारानीलाई
मेरो सपनाको संसार मेरो जीवन्तताको प्रमाणलाई
मेरो क्षणिक,मेरो अनादिकाल प्रत्येक सेकेण्डको सारथीलाई
मेरो पिडाको औषधि,मेरो ताजगी,मेरो सुनौलो आवाजलाई
यदाकदा झस्किने म पात्रलाई सामसुम पारी पुनर्ताजगी दिने
मलाई नमिठो कल्पनाको सागर बाट बिउझाई - जोगाई दिने
कण-कणमा मा तिमि,क्षण-क्षणमा तिमि,तन-मनमा तिमि
तिमि मेरो मुस्कान,मेरो प्रमाण,मलाई म सँग चिनाईदिने
आहा ! मेरो तिम्रो-मेरो मुस्कान हाम्रो स्वर्णिम जीवनको आधार



**विष्णु गुप्ता**
**महोत्तरी, जलेश्वर**

## ।। सरर्स्वती पूजा ।।

हे विद्या मन्दिरकी उज्यालो ज्योति,
तिमी बिना जीवन अध्यारो प्रगति।
शिक्षा, कला, संगीतकी आधार,
हे देवी सरर्स्वती, हाम्रो उद्धार।
माघको पञ्चमीमा पूजिन्छौ तिमी,
ज्ञानका आराधिका, गरिन्छ वन्दना यही।
श्वेत वस्त्रमा सजिएर आउने रूप तिम्रो,
शान्ति र प्रेरणाले भरिएको हो मुहार तिम्रो।
वीणाको मधुर धुन झंकृत गर्ने,
हाम्रो मन र आत्मा शुद्ध पार्ने।
कलम र किताबका साथी बनिदिने,
जीवनको हर पथमा प्रकाश देखाउने।
तिमीले दिएको आशिषले मार्ग पाउँछौं,
अज्ञानका बादललाई पन्छाउँदै बढ्छौं।
विद्यार्थी, शिक्षक, कलाकार सबैलाई,
तिमीले नै ज्ञान र सिप दिन्छौ हृदयभरी।
मन्दिर, पाठशाला, घरघरमा दीप जल्छ,
सरर्स्वती मन्दिरमा भक्तहरूको भीड हुन्छ।
मिष्ठान्न, फलफूल, फूलको थालीले,
पूजाअर्चनाले, तिमीलाई अर्पण गरिन्छ।
ज्ञानको स्रोत, प्रेरणाकी देवी,
तिमी बिना यो संसार अधुरो छ नेभी।
आशीर्वादको वर्षा सधैं भइरहोस्,
प्रगतिको हर बाटो हामी सजिलोसँग खोजौं।
हे सरर्स्वती माता, हाम्रो निवेदन सुन,
अज्ञानको अन्धकारमा ज्ञानको दियो जलाऊ।
सत्य, शान्ति, प्रगति र सृजनामा,
तिमी नै हाम्रो सधैं आधार बन।



**कविता लेखकः- नबिन श्रेष्ठ**
**हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष**
**ठेगानाः- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१**
**अध्यनरत हाल कलेजः- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी**

## ।। मकर मेला ।।

माघे सङ्क्रान्ति आयो, नयाँ रङ्ग ल्यायो,
मकर मेलाको उत्सवले मन रमायो।
नदी किनारै रमाइलो, तिर्थालुका मेला,
धार्मिक आस्थाको पर्व, हाम्रो मकर मेला।
गंगा-जल समान छ, नदीनोको पानी,
डुबुल्की मार्दा शुद्ध बन्छ आत्मा र भवानी।
दूर-दूरबाट आउने ती श्रद्धालुहरू,
मिलेर पूज्छन् यहाँ, भुल्छन् सबै दुःखहरू।
स्नान, ध्यान, दानको महत्त्व छ गहिरो,
परम्पराको सुगन्धले बनाउँछ सम्बन्ध घहिरो।
तिलको लड्डु, गुडको मिठास,
भोजनमा हुन्छ जातीय भावको सुवास।
मेलामा पाइन्छ कला, संस्कृतिको झल्को,
लोकगीत, नाचले भरिन्छ मनको आलङ्कार।
धेरैले बोक्छन् यहाँ आस्थाको दीप,
मकर मेलाको चटारो बन्छ जीवनको किप।
मकर मेला मात्र होइन, संस्कृतिको गौरव,
हाम्रो पहिचानको आधार, पर्व अमर।
प्रकृतिसँगको नाता, धर्मको यो तान,
मकर मेलाले दिन्छ हृदयमा नयाँ सान।
लेखकःबब्लु शर्मा
ज. उ. न. पा.-७मेरो यो जिन्दगी !!
खुशीका दिन नि आउँछ भन्ने आसमा बाँचेको छु,
सपना सँगै मनमा उज्यालो साँचेको छु।
शून्यतामा हराएको सपना झैं बन्यो जिन्दगी,
सिरानी भिजाई धेरै यस्ता रात काटेको छु।
चुँडिएको मनले ब्यथा सुनाउछन्,
तर आँखाले फेरि नयाँ सपना देखाउँछन्।
मनको दुख सँग अनुहारको मुस्कान साटेको छु
खुशीका दिन नि आउँछ भन्ने आसमा बाँचेको छु।
मेरो मौनतामा पनि भित्री तुफान चल्छ,
तिम्रो कठोर शब्दले मेरो मन पोल्छ।
कति निष्ठुरी छ दुनियाँ, अवसर दिई जाचेको छु।
खुशीका दिन नि आउँछ भन्ने आसमा बाँचेको छु।
उम्मीदको किरणले छायाँ पच्छ्याउँनेछ,
एक दिन पक्कै यो मन मुस्कुराउँनेछ।
देखावटी दुनियाँमा देखावटी हाँसो हाँसेको छु।
खुशीका दिन नि आउँछ भन्ने आसमा बाँचेको छु।



**दिपक कुमार साह**
**गौशाला न. पा. महोत्तरी**

## ।। मधेसको खेतबारी ।।

धानको बालीले, सुगन्धित बनाउँछ,
मधेसको माटो, सुनमा परिणत गर्छ।
गहुँ र मकै, हराभरा छ सधैँ,
पसिनाको मुल्यले, जीवन हाँस्छ यहाँ।
साँझको समयमा, खेतमा झुल्किन्छ,
सुनौलो घाम, जसले प्रकृति सुहाउँछ।
मधेसका मानिस, सरल र मिजासिला,
खेतमा पसिना, स्वाभिमानका धारा।
पिउने पानी, मिठास बोकेको,
खोलाको धार, गुनासो भुलेको।
जतातै हरियाली, सुगन्धको बास,
मधेसको माटो, सबैको विश्वास।
तरकारी, फलफूल, जो सप्रिन्छ यहाँ,
मिठास लिएर, सारा जहाँ पुग्छ जहाँ।
जमिनले फलेको, सस्तो होइन,
मजदूरीको पसिना, यो साँचो अमूल्य हो।
गाउँका केटाकेटी, रमाउँछन् खेतमा,
जतासुकै देखिन्छ, उमंग र खुशीका सपना।
मधेसको खेतबारी, जीवनको सार,
माटोमा लुकेको, सभ्यता साकार।
गाउँका मान्छे, जीवन सँग लड्छन्,
उपजको रोटीले, सारा दुःख हट्छन्।
मधेसको खेतबारी, गर्व गर्ने ठाउँ,
प्रकृतिको वरदान, यहाँ छ हाम्रो गाउँ।



**लेखक : नवल प्रसाद यादव**
**ठेगाना : सखुवा प्रसौनी गाउँपालीका , पर्सा**

## ।। कविता ।।

गुथल मोती टुईट गेल येउ
हरियर गाछी सुइखगेल येउ
आस त सबकोइ रखने रहै
नाता आ जातिबादमे बिकागेलै येउ...२
देखल दिन अनाहार लगैए
चिनल चेहरा बिरान येउ
मनऽ मोइल साबुन स नै धोइत
त दोसरऽ मोइल कोनक धोइत येउ....२
चांदमे सबकोइ धाग कहैए
दाग नै उ केकेरो चोट अछि
दिएल चोट कोनो पथरके नै अछि
मारल त कोनो कलमके अछि.....२
बिक गेलै संघियता स्थानीयमे
यत पैसा आ नाता जातिबादमे
प्रजातान्त्रमे जनता हंसै छली
संघयता लाइबऽ लुटागेल येउ....२



**शब्दः- बिरेन्द्र कुमार मण्डल उर्फ (बिबस)**
**ठेगाना :- हंसपुर ०८ भतही**

## ।। सानु तिम्रो लागि ।।

सानु, तिमी जून जस्तै उज्यालो,
मेरो अन्धकार जीवनमा आशा ल्याउने,
तिम्रो मुस्कानले बगाउँछ मलाई,
जसरी नदी बग्छ आफ्नो किनार चुम्न।
तिम्रा आँखाको गहिराइ,
समुन्द्रभन्दा गहिरो लाग्छ,
हर शब्द तिमीले बोलेको,
गीत जस्तो मीठो सुनिन्छ।
सानु, तिमी बिना यो जीवन,
रित्तो किताबजस्तै लाग्छ,
तिम्रो साथले मात्रै भर्छ,
यो मनको अधुरो हर पानामा।
तिम्रो हात समात्न पाएँ भने,
संसार जितेजस्तै लाग्छ,
तिमी मेरो सानो सपना होइन,
मेरो सारा सृष्टिको अर्थ हौ।
सानु, तिम्रो मुटुमा म बस्न चाहन्छु,
जसरी फूलमा सुवास बस्छ,
तिमी मेरा धडकन हौ,
मायाको शाश्वत अमिट कथा।



**लेखकः दिलीप कुमार दास**
**ठेगानाः धनुषाधाम -४ लक्ष्मीपुर**

## ।। समाजवाद ।।

समाजवादको सपना हामी सबैको छ,
समान अधिकार, सबैलाई चाहिएको छ।
धन र शक्ति सबैका बीच बाँडियोस्,
कसैले पनि गरिबीको कष्ट न भोगोस्।
श्रम गर्ने हातलाई इज्जत मिलोस्,
कामको फल सबैलाई बराबरीले पाओस्।
धन कमाउने तरिका ठुलो फरक नहोस्,
सपना हाम्रो, सबै मिलेर समृद्ध बनोस्।
समानता होस् समाजमा हरेक ठाउँ,
कोही ठूलो, कोही सानो नहोस् कसमै।
अमीरको घरमा धनको भरमार,
तर गरिबको घरमा न होस् कहिल्यै अन्धकार।
शिक्षा र स्वास्थ्य सबैको हक होस्,
कसैले पनि दुखको घेरामा न अड्कोस्।
सपना हाम्रो, सुरक्षित भविष्य होस्,
समान हकका साथ, सबैको जीवन पवित्र होस्।
जहाँ नफरत न होस्, केवल माया र सम्मान,
सपना समाजवादको यही हो हाम्रो कान।
शोषण र भेदभाव हटाओ, साँचो मित्रता बढाओ,
सपना साकार बनोस्, सबैले मिलेर अघि बढाओ।
समाजवादको यात्रामा हामी अघि बढ्छौँ,
समानता र न्यायको आधारमा हामी सँगै लड्छौँ।
सपना हाम्रो, समाज होस् प्रगति र शान्ति,
सपना साकार होस्, हाम्रो भविष्य चम्कोस्।



**कविः राम पुकार महतो(बिद्रोही)**
**बर्दिबास महोतरी**

## ।। जरूरी छ ।।

साथ जिउनको लागी एक चित्त जरुरी छ ।
साथ दिनको लागि प्रीय मीत जरुरी छ ।।
जसले साथ दिन्छ उसले साथ पनि जिउछ ।
एक चित्तको मीत बनाउन प्रीत जरुरी छ ।।
जो सँग चित्त मिल्छ उस सँग प्रीत हुन्छ नै ।
चित्त प्रीतको दुरीमा स्वतन्त्र रीत जरुरी छ ।।
निस्वार्थ निस्संदेह स्वतन्त्र रीतको क्रान्तिमा ।
समाजको रुढी रीत विरुद्ध जीत जरुरी छ ।।
युगयुग नव क्रान्तिको यश गुञ्जन प्रवाहमा ।
सत्यको जीतको नव गीतसँगीत जरुरी छ ।।
समाजवाद
समाजवादको सपना हामी सबैको छ,
समान अधिकार, सबैलाई चाहिएको छ।
धन र शक्ति सबैका बीच बाँडियोस्,
कसैले पनि गरिबीको कष्ट न भोगोस्।
श्रम गर्ने हातलाई इज्जत मिलोस्,
कामको फल सबैलाई बराबरीले पाओस्।
धन कमाउने तरिका ठुलो फरक नहोस्,
सपना हाम्रो, सबै मिलेर समृद्ध बनोस्।
समानता होस् समाजमा हरेक ठाउँ,
कोही ठूलो, कोही सानो नहोस् कसमै।
अमीरको घरमा धनको भरमार,
तर गरिबको घरमा न होस् कहिल्यै अन्धकार।
शिक्षा र स्वास्थ्य सबैको हक होस्,
कसैले पनि दुखको घेरामा न अड्कोस्।
सपना हाम्रो, सुरक्षित भविष्य होस्,
समान हकका साथ, सबैको जीवन पवित्र होस्।
जहाँ नफरत न होस्, केवल माया र सम्मान,
सपना समाजवादको यही हो हाम्रो कान।
शोषण र भेदभाव हटाओ, साँचो मित्रता बढाओ,
सपना साकार बनोस्, सबैले मिलेर अघि बढाओ।
समाजवादको यात्रामा हामी अघि बढ्छौँ,
समानता र न्यायको आधारमा हामी सँगै लड्छौँ।
सपना हाम्रो, समाज होस् प्रगति र शान्ति,
सपना साकार होस्, हाम्रो भविष्य चम्कोस्।



**लेखकः राम मण्डल**
**लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा, धनुषा , नेपाल ।**

## ।। पैसा ।।

अवैधानिक रुपले कमाउने पैसा हो
नैतिक धरातललाई फोहोर बनाउने पैसा हो
सजिलो तरिकाले कसैबाट लिने पैसा हो
कानुनलाई छलेर कमाउने पैसा हो
जनप्रतिनिधिहरुले दिन्छ भाषण सुशासनको
भ्रष्टाचार गरेर अपमान गर्छ सुशासनको
चुनावको बेला वचन दिन्छ गर्दिन भ्रष्टाचार
पदमा गए पछि आउछ दिमागमा भ्रष्टाचार
शपथ ग्रहण गर्ने बेला भन्छ कुनै पनि नराम्रो काम गर्दिन
कुर्सीमा बसे पछि खाएको कसम बिर्सेर जान्छ
विकासको काम गर्दा पनि भ्रष्टाचार
कानुनी दायरामा आए पछि भन्छ मैले गरेकै छैन भ्रष्टाचार
केन्द्र,प्रदेश वा स्थानीय सरकारले गरेको हुन्छ भ्रष्टाचार
अख्तियारले समाते पछि देखाउन थाल्छ काम गरेको विवरण
नागरिकता, राहदानी वा अन्य काम गर्नेको लागि पैसा
कर्मचारीलाई वा दलालले लिन्छ काम गर्नको लागि पैसा
कुनै व्यापार वा व्यावसाय गरेर कमाउनु पर्यो पैसा
आफ्नो जिम्मेवारी पुरा गर्नको लागि कमाउनु पर्यो पैसा
आफ्नो स्वाभिमान बेचिन्छ पैसामा
आफ्नो मान जोगाउन सकिदैन विना पैसामा



**नाम : ऋषिकेश यादव**
**ठेगाना : जनकपुर**

## ।। सारथी ।।

सोंचे जस्तो हुन्न रहेछ जिवन
खोजे जस्तो पाइन्न मायालु
आफ्नो पिडालाई आफै भोग्नु पर्छ
कसैले स्विकार्दैन त्यो गम र पल
खुशिमा सँगै रम्ने धेरै पाइन्छ
पिडामा साथ दिने भगवान तुल्य नै हुन्छ
शिक्षा लाइ सारथी बनाउ
घर परिवारलाइ लहलहाउदो तुल्याउ
सोंचे जस्तो हुन्न रहेछ जिवन
यथार्थ मा बाँच्नु पर्दो रहेछ
सपनामा रमाइ मन उदास पार्नु हुँदैन
सहयोग माग्ने हजारौ भेटिन्छन्
सहयोग गर्ने नगन्य मात्र देखिन्छन्
सोंचे जस्तो हुन्न जीवन
मांगे जस्तो भेटिन्न काम
रोजे जस्तो पाइन्न मायालु
खोजे जस्तो भेटिन्न दयालु
आफ्नै कर्म तथा आफ्नै धर्म मा बाँच्नु सिक्नुपर्छ
मानव धर्म सेवा भावले विभोर हुनुपर्छ कर्म
सोंचे जस्तो हुन्न रहेछ जिवन
खोजे जस्तो पाइन्न मलम
मायाको प्रित संसारको रित



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। मकर संक्रांति ।।

भोरे सुइत उइठ नहेबै
तिला संक्रराइत मनेबै
लाई मुरही चुरा खेबै
धनुषा मकर देख जेबै
धनुष मन्दिर मे पुजा करबै
भण्टा भार सेहो चढ़ै बै
धनुष बाबा के दर्शन करबै
मकर मेला घुरबै फिरबै
राम हिलोरा पर चढबै
कुवाके मौत सरकस देखबै
कते भिर भार छै मेला
भरहल छै ठेलम ठेला
खुब बिकाई छै टरिया हरिया
पत्रक धुप टम टम बौवाके गरिया
लुचा लफङ्गा पाकेट मारै छै
मकर मेला मे धुमगजर करै
केकरो हराइछै बैवा बुच्ची
मैक बला सँ जाक पुछि
मकर मेला मे छै भिर भार
लाइग रहलै बहुत जार
कते बिकाइ छै जेकेट सुरबाल



**धनेश्वर ठाकुर**
**धनुषाधाम ४ लक्ष्मीपुर,**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। असक्छम हम ।।

जिंदगी के हरेक मोर प असक्छम भेलउ हम ।
प्यार स लक साथी ढैर धोखा पेलऊ हम ।।
कोई नई बुझलक मनक बात सब मन में धेनौ हम ।
असफलता के आध में आइब क असफल भेलौ हम ।।
पैसा अइ त सब अइ से बुइझ गेलौ हम ।
ई जिंदगी स निक सबक सिखनौ हम ।।
जिंदगी के हरेक........
प्यार स लक.......



**रचनाः- संतोष झा**
**थेगानाः- जनकपुर धाम ०८**

# ‘विपन्न वर्गलाई समृद्धिको यात्रामा जोड्ने गरी सरकारले काम गरिरहेको छ’




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले गरिब तथा विपन्न वर्गलाई ऊर्जाको विकासमार्फत समृद्धिको यात्रामा जोड्ने गरी सरकारले काम गरिरहेको बताउनुभएको छ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इप्पान) नेपालको २५औँ रजतजयन्ती उद्घाटन सत्रमा शुक्रबार उहाँले जलविद्युत् केन्द्रको शेयर बिनाधितो प्रभावित क्षेत्रका गरिब तथा विपन्न वर्गलाई दिने प्रबन्ध मिलाउन लागिएको बताउनुभयो।

“अहिले हुनेखाने वर्गले मात्र जलविद्युत् केन्द्रमा शेयर हालिरहेको अवस्था छ, सरकारले प्रभावित क्षेत्रका विपन्न वर्गलाई लक्षित गरी बिनाधितो शेयरको व्यवस्था गर्न लागेको छ”, मन्त्री खड्काले भन्नुभयो।

उत्पादित विद्युत्को बजार सुनिश्चित रहेकाले ऊर्जा क्षेत्रमा ढुक्क भएर लगानी गर्न निजी क्षेत्रलाई उहाँले आग्रह गर्नुभयो। मन्त्री खड्काले पहिले जलविद्युत् क्षेत्रको विकासका लागि पूर्वाधार निर्माणमा धेरै समय लाग्ने गरे पनि हाल अधिकांश जलविद्युत् केन्द्रमा मोटरबाटोको पहुँच पुगेकाले काम गर्न थप सहज भएको बताउनुभयो।

उहाँले हालैको मन्त्रिपरिषद् बैठकले ऊर्जा विकास मार्गचित्र २०८१ पारित गरिसकेकाले उक्त मार्गचित्र कार्यान्वयनका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण भएको उल्लेख गर्नुभयो।

“सरकारले निजी क्षेत्रका समस्या राम्रोसँग बुझेको छ। ऊर्जा उत्पादनका क्रममा देखिएका नीतिगत समस्या समाधान गर्दै सरकार अगाडि बढ्छ। यसअघि ऊर्जा उत्पादनको जिम्मामात्र निजी क्षेत्रलाई दिए पनि हाल प्रसारण लाइनसमेत निजी क्षेत्रले बनाउन पाउने व्यवस्था गरिएको छ। यसको लाभ लिन निजी क्षेत्रलाई आग्रह गर्दछु”, उहाँले भन्नुभयो।

इप्पानका अध्यक्ष गणेश कार्कीले नेपालको ऊर्जा क्षेत्रको विकासका लागि ऊर्जा विकास मार्गचित्र ऐतिहासिक हुने धारणा राख्नुभयो।रासस

# विश्वविद्यालयको कुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्न सुझाव




काठमाण्डु।विश्वविद्यालयको कुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्न सांसदहरुले सुझाव दिएका छन्। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा शुक्रबार भएको छलफलका क्रममा उहाँहरुले उक्त सुझाव दिनुभएको हो।

समितिमा ‘सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयक, २०८० माथि संशोधनकर्ता’सँग भएको छलफलमा सांसदहरुले संशोधन प्रस्ताव पेस गर्नुभयो। संशोधनकर्ता सांसद माधव सापकोटाले विश्वविद्यालयको कुलपति र सहकुलपतिमा प्राज्ञिक व्यक्ति चयन गर्दा उपयुक्त हुनुपर्ने धारणा राख्नुभयो।

विधेयकको दफा २१ मा विश्वविद्यालयको कुलपतिमा प्रधानमन्त्री तथा दफा २२ मा सहकुलपतिमा शिक्षामन्त्री चयन हुने उल्लेख छ। सांसद सापकाटोले भन्नुभयो, “कुलपति र सहकुलपति प्राज्ञिक व्यक्तिलाई चयन गर्नु बढी प्रभावकारी हुन्छ। विदेशमा प्राज्ञिक व्यक्तिले नेतृत्व गरेका विश्वविद्यालयले सफलता हासिल गरेका छन्।” उहाँले प्रधानमन्त्री र शिक्षामन्त्रीलाई विश्वविद्यालयको संरक्षक राख्नुपर्नेमा सुझाव दिनुभयो।

सांसद सापकोटाले विधेयकको दफा ४७ मा सिट सङ्ख्या निर्धारण र विद्यार्थी भर्ना सम्बन्धी संशोधन माग गर्दै सहिद परिवार, बेपत्ता पारिएका, जनयुद्ध, जनआन्दोलन तथा विभिन्न आन्दोलनका घाइते तथा अपाङ्ग, पछाडि परेकालाई निश्चित कोटाको व्यवस्था गरी छात्रवृत्ति दिनुपर्ने विषय समावेश गर्नुपर्ने बताउनुभयो।

सांसद नारायणी शर्माले विधेयकको दफा २१ मै संशोधनको आवश्यकता रहेको भन्दै प्रधानमन्त्रीलाई संरक्षकका रुपमा राखिनुपर्ने बताउनुभयो।उहाँलेभन्नुभयो,“प्रधानमन्त्री देशको अभिभावक हो। उहाँले विश्वविद्यालयलाई समय त्यति दिन सक्नुहुन्न। त्यसैले कुलपति होइन संरक्षकका रुपमा राख्न उपयुक्त हुन्छ। विधेयक स्वागत योग्य छ।”

त्यसैगरी संशोधनकर्ता सांसद चन्द्रबहादुर विश्वकर्माले दफा ७ (सभाको गठन), १० (प्राज्ञिक परिषद्को गठन), १२ (कार्यकारी परिषद्को गठन) र १४ (विद्या परिषद) मा संशोधनको आवश्यकता रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, “संविधानको मर्मलाई विधेयकले सम्बोधन गरेको छैन।

संविधानमा आर्थिक, सामाजिक र शैक्षिक रुपले पछाडि पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता गराइने भनेर स्पष्ट पारेको छ। त्यसैले यी दफाहरुमा संशोधनको आवश्यकता देखिन्छ।”

सांसद दुर्गा राईले विश्वविद्यालयको कुलपतिमा प्रधानमन्त्रीलाई चयन गर्नुभन्दा शिक्षा तथा स्वास्थ्यसम्बन्धी विज्ञ राख्नुपर्ने सुझाव दिनुभयो। आगामी बैठकमा विधेयकमाथि दफावार छलफल हुने समितिले जनाएको छ।रासस

## बागमती प्रदेश समन्वय परिषद् बैठक :
# विभिन्न कार्यपत्र प्रस्तुत

हेटौँडा। बागमती प्रदेश समन्वय परिषद्को पाँचौँ बैठक हेटौँडामा जारी छ। सङ्घ, प्रदेश र स्थानीय तह ऐन, २०७७ को दफा २४ (१) को व्यवस्थाअनुसार बिहीबारदेखि परिषद् बैठक आयोजना गरिएको हो।

मुख्यमन्त्री बहादुरसिंह लामाको अध्यक्षतामा बैठक बसेको हो। बैठकमा प्रदेश सरकारका मन्त्रीहरु, स्थानीय जनप्रतिनिधि, जिल्ला समन्वय समितिका प्रमुख ललित घलानलगायतको उपस्थिति रहेको छ। बिहीबार बसेको पहिलो दिनको बैठकमा तीनवटा कार्यपत्र प्रस्तुत गरिएका थिए। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव वेदप्रसाद भण्डारीले प्रदेश तथा स्थानीय तहका कर्मचारी व्यवस्थापन, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले ‘विपद् व्यवस्थापन र यसका चुनौती र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्ण मैनालीले अन्तरसरकारी वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट’ विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

कार्यपत्र माथिको छलफलमा बोल्नुहुँदै गाउँपालिका महासङ्घ बागमती प्रदेशका अध्यक्ष कर्णबहादुर मगरले प्रदेश लोकसेवा आयोग र सुशासन केन्द्रलाई क्रियाशील बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो। त्यसैगरी, रसुवाको उत्तरगया गाउँपालिकाका उपाध्यक्ष चमेली गुरुङले जनप्रतिनिधिका लागि क्षमता अभिवृद्धि गर्ने तालिमहरु सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो।



त्यसैगरी, छलफलमा जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपकप्रसाद गौतमले डोजरे विकासलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो। आन्तरिक स्रोतका नाममा प्रकृतिको दोहन गर्ने काम भइरहेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो। रामेछाप नगरपालिकाका प्रमुख लवश्री न्यौपानेले दीर्घकालीन रुपमै भौतिक संरचना निर्माणमा देखिएका समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

आजको बैठकमा ‘बागमती प्रदेशको दोस्रो आवधिक योजना, प्रदेश आयोजना बैङ्क सञ्चालन र प्रादेशिक औद्योगिक व्यापार ऐनको कार्यान्वयनको अवस्था’ विषयक कार्यपत्र प्रस्तुत गरिने बताइएको छ।रासस

# सार्वजनिक सेवा प्रसारणलाई स्वायत्त बनाइने छ : सञ्चारमन्त्री गुरुङ



काठमाण्डु।सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सार्वजनिक सेवा प्रसारणलाई स्वायत्त बनाइने बताउनुभएको छ। यसलाई जनसरोकारका विषयमा राज्यलाई झक्झक्याउने निकायका रुपमा विकास गर्न खोजिएको उहाँले उल्लेख गर्नुभयो।

त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागद्वारा शुक्रबार आयोजित ‘नेपालमा सार्वजनिक सेवा प्रसारण नीति’ संवाद कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री गुरुङले सार्वजनिक सेवा प्रसारणमा सत्ता शक्तिको छायाँ पर्न दिनु हुँदैन भन्नेमा सरकार सहमत रहेको बताउनुभयो। समावेशिता, पारदर्शिता तथा जनमुखी शासन स्थापनाको उद्देश्य पूर्ति गर्न सार्वजनिक सेवा प्रसारण प्रणाली सुरु गरिएको उहाँको भनाइ थियो।

सरकारी स्वामित्वका रेडियो नेपाल र नेपाल टेलिभिजनलाई सार्वजनिक प्रसारण सेवाको विश्वव्यापी मान्यताअनुरुप लैजान संसद्ले गत असोज २२ गते सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक पारित गरेको थियो।

सोही अनुसार गत कात्तिक २३ गतेदेखि रेडियो नेपाल र नेपाल टेलिभिजन सार्वजनिक प्रसारण सेवामा गाभिएका थिए।

सरकारले सार्वजनिक सेवा प्रसारणको अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गरी देशको परिस्थिति र आवश्यकताअनुरुप लागू गर्न खोजेको मन्त्री गुरुङले बताउनुभयो। त्यसका लागि ऐन कानुनमा यथोचित सुधारका साथै आर्थिक रुपले आत्मनिर्भर गराउने प्रयास सरकारको रहने उहाँले बताउनुभयो।

सार्वजनिक सेवा प्रसारणले राज्यका सबै निकायको कार्य, तिनको जवाफदेहिता र जनतामा परेको प्रभावको खोजी गर्नुपर्ने तथा त्यसका लागि आलोचनात्मक चेत आवश्यक हुने मन्त्री गुरुङको भनाइ थियो। रेडियो नेपाल र नेपाल टेलिभिजन विगतमा तत्कालीन सरकारको सहयोगी मात्र रहेको परिचयबाट सर्वसाधारणको आवाज मुखरित गर्ने माध्यमका रुपमा परिणत गर्न खोजिएको उहाँले बताउनुभयो। “भर्खरै ल्याएको कानुनमा कुनै अप्ठयारा र कमीकमजोरी छन् भने पनि सच्याउँदै लगिनेछ”, मन्त्री गुरुङले भन्नुभयो।

सार्वजनिक सेवा प्रसारणका निमित्त प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपानेले विज्ञहरुसँगको छलफलबाट आएका सुझावलाई आगामी दिनमा मार्गदर्शनका रुपमा लिइने बताउनुभयो।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहाल, सार्वजनिक प्रसारण विज्ञ रघु मैनाली र त्रिवि केन्द्रीय पत्रकारिता विभागका घमराज लुइँटेलले सार्वजनिक सेवा प्रसारणको विश्वव्यापी अभ्यास, नेपालमा हाल जारी भएको यससम्बन्धी कानुन र अहिलेको संरचना तथा आगामी कार्यदिशाबारे कार्यपत्र पेस गर्नुभएको थियो।रासस

# नागरिकका विवरण दुरुपयोग हुन नदिने गृहमन्त्रीको प्रतिबद्धता

काठमाण्डु। गृहमन्त्री रमेश लेखकले सुशासन प्रवर्द्धन, सहज ढङ्गले सेवा प्रवाह र अपराध नियन्त्रणका लागि राष्ट्रिय परिचयपत्र अपरिहार्य भएको बताउनुभएको छ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको शुक्रबारको बैठकमा राष्ट्रिय परिचयपत्रका सम्बन्धमा सांसदहरुले उठाउनुभएका प्रश्नको जवाफ दिँदै उहाँले सम्पत्ति शुद्धीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रभावकारी कार्यान्वयन गर्न पनि राष्ट्रिय परिचयपत्र अनिवार्य भएको बताउनुभयो।

राष्ट्रिय परिचयपत्रमा समावेश गरिएका नागरिकका जैविक तथा व्यक्तिगत विवरणको सुरक्षाप्रति सरकार संवेदनशील रहेको दोहोऱ्याउँदै गृहमन्त्री लेखकले ती विवरणको सुरक्षाका गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो। “नागरिकको व्यक्तिगत विवरण राज्यसँग हुनुपर्छ, तर त्यसको दुरुपयोग हुन दिँदैनौँ”, उहाँले भन्नुभयो, “डेटा सुरक्षामा सरकारले ध्यान दिन्छ।”

गहन अध्ययन गरेर राज्यका नीतिका रुपमा अघि सारिएको राष्ट्रिय परिचयपत्रको कार्यान्वयन अनिवार्य भएको जनाउँदै गृहमन्त्रीले ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका तथा अशक्त व्यक्तिका हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नगरिएको स्पष्ट पार्नुभयो।



उहाँले राष्ट्रिय परिचयपत्रको विवरण सङ्कलन, प्रशोधन र छपाईसम्बन्धी कार्य तथा तथ्याङ्कको सुरक्षा र भण्डारणको अवलोकन गरी आमनागरिकलाई यसप्रति आश्वस्त पार्ने भूमिका निर्वाह गर्न सांसदहरुलाई आग्रह गर्नुभयो।

गृह मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले राष्ट्रिय परिचयपत्र लागू गर्ने सन्दर्भमा भएका गतिविधिबारे जानकारी दिनुभएको थियो।

**परिचयपत्रका विवरण सुरक्षामा सांसदको चासो**

छलफलमा सांसदहरुले राष्ट्रिय परिचयपत्र प्रणालीमा राखिएका नागरिकको जैविक र व्यक्तिगत विवरणको सुरक्षा सम्बन्धमा चासो राख्नुभएको थियो। सांसद हृदयराम थानीले उक्त प्रणालीमा रहेका नागरिकका व्यक्तिगत विवरणको सुरक्षामा संवेदशील हुनुपर्ने बताउनुभयो।

सांसद सरिता प्रसाईंले राष्ट्रिय परिचयपत्रका तथ्याङ्कको सुरक्षाका सम्बन्धमा राज्यले नागरिकलाई आश्वस्त पार्नुपर्नेमा जोड दिनुभयो।

समितिका अर्का सदस्य कृष्णगोपाल श्रेष्ठले राष्ट्रिय परिचपयपत्रको आवश्यकता र महत्वबारे सरकारले नागरिकलाई बुझाउनुपर्ने बताउनुभयो।

समितिका सभापति रामहरि खतिवडाले राष्ट्रिय परियचपत्रसम्बन्धी नागरिकका विवरणको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह गर्दै यसको कार्यान्वयनका क्रममा उत्पन्न जटिलतालाई सरलीकृत गर्नुपर्छ भन्नुभयो।रासस

# शीघ्र संसद् अधिवेशन आह्वान गर्न विपक्षी दलको माग

काठमाण्डु। संसद्मा प्रतिपक्षमा रहेका दलहरूले सङ्घीय संसद्को नियमित हिउँदे अधिवेशन तत्काल आह्वानको माग गरेका छन्।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा (एकीकृत समाजावादी), राष्ट्रिय जनमोर्चा, आम जनता पार्टी (आजपा) र नेपाल समाजवादी पार्टी (नेसपा)को शुक्रबार भएको संयुक्त बैठकले शीघ्र अधिवेशन आह्वान गर्न माग गरेको हो।

सङ्घीय संसद्को नियमित अधिवेशन बोलाएर कानुन निर्माण नगरी, संसदीय समितिमा छलफलको क्रममा रहेका विधेयक फिर्तासमेत नलिई अध्यादेश जारी गरेकामा बैठकले विमति जनाएको छ।



बैठकले शान्तिप्रक्रियाका बाँकी कामसँग सम्बन्धित बेपत्ता प्रक्रियालाई अबिलम्व अघि बढाई पीडितहरूलाई न्याय दिन सरकारको ध्यानाकर्षण गराएको छ। बैठकमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, एकीकृत समजवादीका अध्यक्ष माधवकुमार नेपाल, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देल, रास्वपाका कार्यवाहक सभापति डिपी अर्याल, राजमोका उपाध्यक्ष दुर्गा पौडेल, आजपाका सह-अध्यक्ष तिलक थापा मगर र नेसपाका अध्यक्ष महेन्द्र राय यादवलगायत नेता सहभागी हुनुहुन्थ्यो।रासस

# उपराष्ट्रपतिसँग भारतका राजदूतको भेट

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गर्नुभएको छ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार अपराह्न भएको भेटमा द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग, नेपालको विकासका प्राथमिकता, क्षेत्रीय तथा अन्तर र्राष्ट्रिय मञ्चमा द्विदेशीय सहयोग र सहकार्यलगायत आपसी हित र चासोका विविध विषयमा विचारविमर्शभएकोउपराष्ट्रपतिका प्रेस संयोजक दिनेश यादवले राससलाई बताउनुभयो।



त्यस अवसरमा राजदूत श्रीवास्तवले भारतको ‘छिमेक पहिले’ नीतिलाई निरन्तर अघि बढाएको उल्लेख गर्दै केन्द्र सरकारले गहुँ निर्यातमा प्रतिबन्ध लगाएको भए पनि नेपालाई दुई लाख टन गहुँ निर्यातको अनुमति दिइएको जानकारी गराउनुभएको थियो।रासस

# विचाराधीन विधेयकमा साझा धारणा बनाएर अगाडि बढ्ने सहमति

काठमाण्डु। सङ्घीय संसद्मा विचाराधीन विधेयकमा साझा अवधारणा बनाएर अगाडि बढाउने सहमति भएको छ। प्रमुख चार राजनीतिक दलका प्रमुख सचेतकबीच शुक्रबार भएको छलफलमा त्यस्तो सहमति भएको हो।

सिंहदरबारस्थित नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको कार्यालयमा भएको छलफलमा विचाराधीन विधेयकमा साझा अवधारणा बनाएर अगाडि बढाउने सहमति भएको नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले जानकारी दिनुभयो। उहाँले विधेयकहरुलाई कसरी अगाडि बढाउने र चाँडो पारित गराउने भन्ने विषयमा छलफल भएको बताउनुभयो।

संसद्लाई प्रभावकारी बनाउने र संसदीय क प्रक्रियामा साझा धारणा बनाएर अगाडि बढ्ने निष्कर्ष बैठकले निकालेको एमाले प्रमुख सचेतक महेशकुमार बर्तौलाले बताउनुभयो।

बैठकमा संसद्को विषयगत समितिमा रहेका विधेयकलाई सत्तापक्ष र विपक्षी दलको साझा धारणा बनाएर चाँडो टुङ्ग्याउने विषयमा पनि नेताहरुबीच कुराकानी भएको थियो। बैठकमा कांग्रेसका प्रमुख सचेतक घिमिरे, एमालेका प्रमुख सचेतक बर्तौला, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सन्तोष परियार सहभागी हुनुहुन्थ्यो।रासस

# अमेरिकी राष्ट्रपति बाइडेनद्वारा दुई हजार ५०० जनालाई क्षमादान

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति जो बाइडेनले अहिंसात्मक लागू औषधसम्बन्धी अपराधमा दोषी ठहरिएका करिब दुई हजार ५०० व्यक्तिको सजाय घटाएको ह्वाइट हाउसले शुक्रबार जनाएको छ ।

राष्ट्रपति बाइडेनले सामाजिक सञ्जाल एक्समा जारी विज्ञप्तिमा भन्नुभएको छ, "जसको सजाय घटाइएको छ, उनीहरूले आज पाउने भन्दा 'असमान रूपमा लामो सजाय' भोगिरहेका छन्।"उहाँले यो कदमलाई 'ऐतिहासिक गल्तीहरू सच्याउन, सजायमा हुने असमानता सच्याउन र योग्य व्यक्तिहरूलाई उनीहरूको परिवारमा फर्कने अवसर प्रदान गर्ने दिशामा एक महत्त्वपूर्ण कदम' बताउनुभएको छ ।

राष्ट्रपति बाइडेनले भन्नुभयो, "यो कदमसँगै मैले अमेरिकी इतिहासमा कुनै पनि राष्ट्रपतिको तुलनामा धेरैलाई व्यक्तिगत क्षमादान र कम्युटेसन जारी गरेको छु र सोमबार नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सत्ता हस्तान्तरण गर्नुअघि थप कम्युटेसन वा क्षमादान जारी गर्न सक्छु।"

कानुनमा कम्युटेसन भनेको अपराधको लागि दोषी ठहरिएपछि दिइन कम दण्डको उपासकको हत्या गर्ने एक बन्दुकधारी र सन् २०१५ मा नौ जना अश्वेत चर्च गएको आरोपमा हत्या गर्ने श्वेत सर्वोच्चतावादीलाई यस सजाय छुटको निर्णयबाट हटाइएको थियो ।रिपब्लिकन नेता ट्रम्पले बाइडेनको कार्यकालमा रोकिएका सङ्घीय मृत्युदण्ड पुनः सुरु गर्ने सङ्केत दिनुभएको छ ।

ट्रम्पको शपथग्रहण समारोहमा चीनबाट उपराष्ट्रपति सहभागी हुने

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पको शपथग्रहण समारोहमा भाग लिन चीनले उपराष्ट्रपति हान झेङलाई पठाउने शुक्रबार जानकारी गराएको छ ।

गत नोभेम्बरमा दोस्रो पटक निर्वाचित भएका ट्रम्पले सोमबार वासिङ्टनमा पद तथा गोपनीयताको शपथ लिने कार्यक्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङले आफ्ना उपराष्ट्रपतिलाई पठाउनुहुनेभएको हो ।

ट्रम्पले सपथ समारोहमा आमन्त्रण गर्ने पाहुनाको सम्बन्धमा नजिरलाई तोड्दै ट्रम्पले चिनियाँ राष्ट्रपति र विश्वका अन्य नेतालाई समारोहमा आमन्त्रण गर्ने जानकारी ट्रम्पको सङ्क्रमणकालीन टोलीले गराएको थियो ।



प्रतिस्थापन हो ।राष्ट्रपति बाइडेनले गत महिना करिब एक हजार ५०० व्यक्तिको सजाय घटाउने र अन्य ३९ जनालाई माफी दिने निर्णयमा हस्ताक्षर गर्नुभएको थियो ।

गत डिसेम्बरमा माफी पाउनेमा बन्दुक र कर सम्बन्धी अपराधमा दोषी ठहर भएपछि जेल सजाय सुनाइएका राष्ट्रपति बाइडेनका छोरा हन्टर पनि हुनुहुन्थ्यो ।

यसैबीच बाइडेनले केही सहयोगी र पूर्व अधिकारीहरूलाई पूर्ण माफी दिने वा नदिने भन्ने विषयमा बहस गरिरहनुभएको छ किनकि ट्रम्पले यसअघि 'प्रतिशोध' को संज्ञा दिनुभएको थियो । गत डिसेम्बरमा राष्ट्रपति बाइडेनले सङ्घीय मृत्युदण्डमा रहेका ४० मध्ये ३७ जना कैदीको मृत्युदण्डको सजाय घटाउनु भएको थियो ।

सन् २०१३ को बोस्टन म्याराथन बम वर्षकमध्ये एक, सन् २०१८ मा ११ जना यहूदी

चिनियाँ विदेश मन्त्रालयले शुक्रबार ट्रम्पको सपथ समारोहमा उपराष्ट्रपति सीको 'विज्ञशेष प्रतिनिधि'का रूपमा हान सहभागी हुने जनाएको छ ।

"चीनले पारस्परिक सम्मान, शान्तिपूर्ण सहअस्तित्व र संयुक्त राज्य अमेरिकासँगको सम्बन्धलाई हेर्ने र बढाउने कार्यमा सहकार्य र समन्वयको सिद्धान्तलाई अनुसरण गर्दछ," चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

"हामी नयाँ अमेरिकी सरकारसँग वार्ता र संवाद बढाउन र मतभेदको उचित व्यवस्थापन गर्न काम गर्न तयार छौं," विज्ञप्तिमा उल्लेख छ ।

बेइजिङले 'स्थिर, स्वस्थ र दिगो चीन-अमेरिका सम्बन्धलाई संयुक्त रूपमा अगाडि बढाउन र दुई देशलाई एक अर्कासँग घुलमिल हुनका लागि सही बाटो खोज्न' इच्छुक रहेको बताएको छ ।

# रुस र इरानबीच 'साझेदारी' सम्झौता हुँदै

एएफपी

मस्को ।रुस र इरानले शुक्रबार 'बिस्तृत रणनीतिक साझेदारी' सम्झौतामा हस्ताक्षर गर्ने भएका छन् । इरानका राष्ट्रपति मसूद पेजेस्कियानको मस्को भ्रमणका क्रममा यो सम्झौता हुन लागेको हो ।

मस्को र तेहरानले वर्षौंदेखिको गहिरो सहयोगपछि आफ्नो घनिष्ठ सम्बन्धलाई औपचारिकता दिन खोजिरहेका बेला र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा प्रवेश गर्नुभन्दा तीन दिनअघि सम्झौता हुने भएको हो ।

युक्रेनी र पश्चिमी अधिकारीहरूका अनुसार इरानले रुसलाई स्वचालितरूपमा विस्फोट हुने 'शहीद' ड्रोनहरू प्रदान गरेको छ । यिनिहरूलाई मस्कोले युक्रेनमा रातिमा ब्यारेजहरूमा आक्रमण गर्न प्रयोग गर्छ । दुबै देशहरूले पश्चिमी प्रतिबन्धहरूको बीच व्यापार बढाएका छन् ।नयाँ सन्धिले तेहरान र मस्कोको 'सैन्य-राजनीतिक र व्यापार-आर्थिक' सम्बन्धलाई थप मजबुत बनाउने क्रेमलिनले बुधबार जनाएको छ ।

तेहरानका उच्च कूटनीतिज्ञ अब्बास अराघचीलाई उद्धृत गर्दै रुसी सरकारी सञ्चारमाध्यमले दिएको जानकारीअनुसार तेहरानले शुक्रबारको सम्झौताबारे थोरै जानकारी दिएको छ तर गत वर्ष उत्तर कोरियासँग रुसले गरेको सन्धिमा समावेश गरिएको सम्झौताजस्तो पारस्परिक प्रतिरक्षा धारालाई अस्वीकार गरेको छ ।

दुवै पक्षले वर्षौंदेखि नयाँ



सन्धिका लागि काम गरिरहेका थिए । उनीहरूको वर्तमान सम्बन्ध सन् २००१ को सम्झौताद्वारा निर्देशित छ र यसलाई उनीहरूले आवधिक रूपमा नवीकरण गरिरहेका छन् ।

रुसले इरानसँगको आगामी सम्झौता र प्योङ्याङसँग यसअघि नै हस्ताक्षर भइसकेको सन्धि 'कुनै पनि देशविरुद्ध लक्षित नभएको' बताएको छ ।"यो सन्धि रचनात्मक प्रकृतिको छ र यसको उद्देश्य रूस, इरान र विश्वका विभिन्न भागमा रहेका हाम्रा मित्रहरूको क्षमतालाई सुदृढ पार्नु हो," रुसी विदेशमन्त्री सर्गेई लाभरोभले मङ्गलबार भन्नुभएको थियो ।

रूसका लागि इरानका राजदूत काजेम जलालीलाई उद्धृत गर्दै रुसको समाचार एजेन्सी तासले यो २० वर्षका लागि मान्य हुने जनाएको छ ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले इरान, चीन र उत्तर कोरियासँगको सम्बन्धलाई आफ्नो विदेश नीतिको आधारशिला बनाएका छन् ।रुस र इरान दुवैले आफ्ना महत्वपूर्ण ऊर्जा उद्योगहरूमा प्रतिबन्धसहित भारी पश्चिमी प्रतिबन्धहरूको सामना गरिरहेका छन्।

गत वर्ष कजानमा भएको ब्रिक्स समूहको शिखर सम्मेलनमा पुटिनले रुस र इरानबीचको 'साँच्चिकै मैत्रीपूर्ण र रचनात्मक सम्बन्ध'लाई आफूले महत्व दिएको पेजेस्कियानलाई बताउनुभएको थियो ।

ट्रम्प सत्तामा फर्कनुभन्दा केही दिनअघि पेजेस्कियानको रुस भ्रमण हुन लागेको हो ।इरानविरुद्ध पटक-पटक सैन्य धम्की दिंदै आएका नवनिर्वाचित अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेन र मध्यपूर्वमा जारी द्वन्द्वको शीघ्र अन्त्य गर्न चाहको बताउने गर्नुभएको छ ।

मस्को र तेहरान दुवैको ठूलो समर्थन प्राप्त सिरियाली नेता बशर अल असदलाई विद्रोहीले सत्ताच्युत गरेको एक महिनापछि र इजरायल र इरानको सहयोगी हमासले गाजामा युद्धविरामको तयारी गरिरहेको एक महिनापछि यो सम्झौता भएको हो ।

# टाइगर कप भलिबल माघ दोस्रो सातादेखि



काठमाण्डु । 'टाइगर ग्रुप अफ पोखरा नेपाल'को आयोजनामा पाँचौं संस्करणको टाइगर कप भलिबल प्रतियोगिता माघ दोस्रो सातादेखि सञ्चालन हुने भएको छ । उक्त प्रतियोगिता यही माघ १२ देखि १९ गतेसम्म सञ्चालन हुने छ ।

प्रतियोगितामा महिला र पुरुष गरी कूल १२ टोलीको सहभागिता रहने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक संस्थाका अध्यक्ष नारायणप्रसाद शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार पुरुष र महिलातर्फ एक एक विदेशी टोली समेत सहभागी हुनेछन् ।

प्रतियोगितामा पुरुषतर्फ टिपटप हेल्प नेपाल स्पोर्टस् क्बल, गण्डकी प्रदेश भलिबल सङ्घ, त्रिभुवन आर्मी क्लब, नेपाल पुसिल क्लब र नेपाल एपिएफ क्बल सहभागी हुनेछन् । विदेशी टोलीमा भारतको कुरुक्षेत्रको सुनील भलिबल क्लब अमीन रहेको छ ।

त्यसैगरी महिलातर्फ नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमण्ड युथ स्पोर्टस क्लब, त्रिभुवन आर्मी क्लब र टाइगर ग्रुप अफ पोखरा रहेका छन् । महिलातर्फ विदेशी टोली थाइल्याण्डको ट्राभल इन्क्वारी युनाइटेट प्यासन भलिबल क्लब सहभागी हुने आयोजकले जनाएको छ ।

प्रतियोगितामा पुरुष र महिलातर्फका दुवै विजेता टोलीले रु पाँच लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् भने उपविजेताले रु दुई लाख ८५ हजार पाँच सय ५५ पाउनेछन् । प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले रु एक लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउनेछ ।

प्रतियोगिताका सर्वोत्कृष्ट पुरुष र महिला खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउनेछन् । त्यसैगरी उत्कृष्ट सर्भर, उत्कृष्ट सेटर, उत्कृष्ट ब्लकर, उत्कृष्ट लिब्रो, उत्कृष्ट स्पाइकर र उत्कृष्ट प्रशिक्षक (पुरुष/महिला)ले जनही रु १० हजार पाँच सय ५५ पुरस्कार पाउनेछन् । उक्त प्रतियोगिताको खेल भने पोखरामा हुनेछ। रासस

# कोरियाली राष्ट्रपति युनद्वारा सोधपुछका क्रममा बोल्न अस्वीकार

एएफपी

सियोल ।सैनिक शासनको असफल प्रयासबारे अनुसन्धानकर्ताको सोधपुछलाई महाभियोगपछि निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युनले शुक्रबार फेरि अस्वीकार गर्नुभएको छ ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलविरुद्ध महाभियोग लगाउने समयसीमा नजिकिँदै गर्दा उहाँले अनुसन्धान प्रक्रियामा सोधपुछका क्रममा बोल्न अस्वीकार गर्नुभएको हो ।

युनले डिसेम्बर ३ मा 'राज्य विरोधी तत्वहरू' को धम्कीको सामना गर्न आवश्यक रहेको भन्दै 'मार्शल ल' घोषणा गर्नुभएको थियो । विपक्षी सांसद र जनप्रदर्शनपछि उक्त घोषणा केही घण्टामा नै फिर्ता भएको थियो ।

राष्ट्रपतिको उक्त कदमले देशलाई अराजकतातर्फ धकेलेको छ । उहाँले संसद्मा हस्तक्षेप गरी मार्शल ल अस्वीकार गर्न संसद्मा मतदान हुनबाट रोक्न असफल भएपछि उहाँको घोषणा केवल छ घण्टामा नै विफल भएको थियो ।

त्यसपछिका हप्ताहरूमा युनलाई संसद्ले महाभियोग लगाएको थियो र हिर ासतमा लिने दक्षिण कोरियाको पहिलो बहालवाला राष्ट्रपति हुनुअघि उहाँको संरक्षित निवासमा लुकेर गिरफ्तारीको विरोध गरिएको थियो। उहाँको निवासमा



छापा मार्दा बुधबार बिहान पक्राउ पुर्जी जारी गरिएको थियो । पक्राउ पूर्जीमा युनलाई केवल ४८ घण्टाको लागि हिर ासतमा राख्न अनुमति दिइएको थियो।

अनसन्धानकर्ताहरूले शुक्रबार उहाँको हिराशतको बसाईलाई लम्बाउन नयाँ पक्राउ पूर्जी माग्ने अपेक्षा गरिएको छ जसले सम्भवतः उहाँलाई २० दिनको लागि हिर ासतमा राख्न आदेश दिनसक्ने अनुमान गरिएको छ। यसले अभियोजनकर्ताहरूलाई उनीविरुद्ध अभियोगलाई औपचारिक रूप दिन समय दिनेछ।भ्रष्टाचार अनुसन्धान कार्यालयले उहाँमाथि विद्रोहको सम्भावित अभियोगमा अनुसन्धान गरिरहेको छ र अभियोग प्रमाणित भएमा उहाँलाई आजीवन कारावास वा मृत्युदण्डको सजाय हुनसक्छ ।

यदि शुक्रबार नयाँ वारेन्ट दायर गरियो भने युनलाई कम्तीमा पनि अदालतमा सुनुवाइ नहुञ्जेल र सप्ताहन्तमा यसको अनुमोदनका लागि फैसला नभएसम्म हिरासतमा राखिनेछ। यदि सुनुवाइपछि अदालतले यसलाई अस्वीकार गर्यो भने उहाँ रिहा हुनुहुनेछ ।

सीआईओले स्थानीय समयअनुसार शुक्रबार बिहान १० बजे युनलाई सोधपुछका लागि बोलाएको थियो तर उहाँका वकिल युन कब क्युनले एएफपीलाई बताए अनुसार उहाँले लगातार दोस्रो दिन पनि उपस्थित हुन अस्वीकार गर्नुभएको थियो । सीआईओका अधिकारीहरूले एएफपीको अनुरोधको तत्काल जवाफ दिएनन्।

अर्का वकिल सिओक डोङ-ह्योनले शुक्रबार पत्रकारहरूलाई भन्नुभयो, "युनले अनुसन्धानकर्ताहरूलाई आफ्नो स्थितिबारे बताइसक्नुभएको छ । उनीहरूका प्रश्नहरूको जवाफ दिनुपर्ने कुनै कारण छैन।"

डोङ-ह्योनले भन्नुभयो, "राष्ट्रपति आज सीआईओमा उपस्थित हुनुहुने छैन । उहाँले पहिलो दिन नै अनुसन्धानकर्तासमक्ष आफ्नो आधारभूत धारणा पर्याप्त रूपमा व्यक्त गर्नुभएको छ ।" युनलाई बुधबार घन्टौं सम्म सोधपुछ गरिएको थियो तर अर्को दिन सोधपुछका लागि उपस्थित हुन इन्कार गर्नुअघि उहाँले आफ्नो 'मौन बस्न पाउने अधिकार' को प्रयोग गर्नुभएको थियो ।

# चीनको आर्थिक वृद्धि दर दशक यताकै सबैभन्दा सुस्त

एएफपी

बेइजिङ । चीनले गत वर्ष दशकयताकै सबैभन्दा कम आर्थिक वृद्धिदर हासिल गरेको तथ्याङ्कले देखाएको छ ।

आगामी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्भावित व्यापार गतिरोधले चीनलाई आगामी केही बर्ष आर्थिक वृद्धिदरमा बृहत्तर विकास गर्न समस्या हुने विश्लेषकहरूले आँकलन गरेका छन् ।

बेइजिङले हालैका महिनाहरूमा आर्थिक मन्दीको मारमा परेका आफ्ना उद्योग र व्यवसायिक फर्महरूलाई सबैभन्दा आक्रामक सहयोगका उपाय अपनाउँदै सहयोग गर्ने घोषणा गरेको छ । अर्थव्यवस्थालाई पुनरुत्थान गर्नको लागी बजार ऋण सङ्कट र सुस्त उपभोक्ता खर्चसहित धेरै क्षेत्रले आर्थिक सङ्कटको सामना चीनले गरेको छ।

बेइजिङको राष्ट्रिय तथ्याङ्क विभाग (एनबीएस) को आधिकारिक तथ्याङ्कअनुसार सन् २०२३ मा ५.२ प्रतिशत रहेको अर्थतन्त्र गत वर्ष पाँच प्रतिशतले वृद्धि भएको थियो । बढ्दो बाह्य दबाब



र आन्तरिक कठिनाइका कारण जटिल र गम्भीर वातावरणको सामना गर्दै यो वृद्धि भएको एनबीएसले जनाएको छ ।अर्थतन्त्रले अझै पनि 'कठिनाइ र चुनौती'को सामना गरिरहेको अधिकारीहरूले स्वीकारेका छन्।

उपभोक्ता भावनाको एक प्रमुख मापक खुद्रा बिक्री ३.५ प्रतिशत बढेको छ। यो सन् २०२३ मा रेकर्ड गरिएको ७.२ प्रतिशतको वृद्धिको तुलनामा व्यापक गिरावट हो ।तर औद्योगिक उत्पादन भने अघिल्लो वर्षको ४.६ प्रतिशतको तुलनामा वृद्धि भई ५.८ प्रतिशत कायम भएको छ ।

कोभिड-१९ महामारीका आर्थिक उथलपुथलका वर्षहरूबाहेक चीनको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) वृद्धिदर सन् १९९० यताकै सबैभन्दा कम हो ।एएफपीले गरेको सर्वेक्षणमा सन् २०२५ मा आर्थिक वृद्धिदर ४.४ प्रतिशतमा झर्ने र सन् २०२६ मा चार प्रतिशतभन्दा तल झर्ने अनुमान विश्लेषकहरूले गरेका छन् ।

चीन अहिलेसम्म महामारीबाट पुनरुत्थान गर्न असफल भएको छ, घरेलु खर्च मन्दीमा फसेको छ । तथ्याङ्कले यस हप्ताको सुरुमा दावी गरअनुसार गत वर्ष चीनको निर्यात ऐतिहासिक उच्च तहमा पुगेको थियो ।

देशको विशाल व्यापार अधिशेषमाथि आँधीबेहरीको बादल जम्मा हुनुको अर्थ बेइजिङले कमजोर अर्थव्यवस्थालाई बढावा दिन निर्यातमा भरोसा गर्न सक्षम नहुन सक्छ।अर्को हप्ता आफ्नो दोस्रो कार्यकाल सुरु गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पले चीनमाथि कडा प्रतिबन्ध लगाउने चेतावनी दिनुभएको छ ।

बेइजिङले हालैका महिनाहरूमा अर्थतन्त्रलाई मजबुत बनाउन प्रमुख ब्याज दरहरू कटौती गर्ने, स्थानीय सरकारको ऋणलाई सहज बनाउने र घरायसी सामानहरूको लागि अनुदान कार्यक्रमहरू विस्तार गर्नेजस्ता धेरै उपायहरू अघि सारेको छ।

# चीनको जनसंख्या घट्ने क्रम जारी

एएफपी

बेइजिङ । छ दशकभन्दा बढीको जनसंख्या वृद्धिपछि जनसंख्या घट्दो क्रममा रहेको चीनको जनसंख्या सन् २०२४ मा लगातार तेस्रो वर्ष जनसंख्या घटेको र छ दशकभन्दा बढीको जनसंख्या वृद्धिपछि घट्दो क्रममा रहेको बताएको छ ।

कुनै समय विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश चीनलाई सन् २०२३ मा भारतले उछिनेको थियो र बेइजिङले अनुदान र प्रजनन पक्षधर प्रचारप्रसारमार्फत घट्दो जन्मदरलाई बढावा दिन चाहेको थियो ।

सन् २०२३ मा एक अर्ब ४१ करोड जनसंख्या रहेको चीनको जनसंख्या सन् २०२४ को अन्त्यसम्ममा एक अर्ब ४० करोड ८० लाख पुगेको बेइजिङको राष्ट्रिय तथ्याङ्क विभागले जनाएको छ ।

सन् २०२२ को तुलनामा यो गिरावट कम तीव्र रहेको तथ्याङ्कले देखाएको छ ।चीनले सन् १९८० को दशकमा अत्यधिक जनसंख्याको डरका कारण लागू गरेको 'एक सन्तान नीति' सन् २०१६ मा अन्त्य गरेको थियो र सन् २०२१ मा एक



दम्पतीले तीन सन्तान जन्माउन पाउने बनाएको थियो ।

तर यसले लामो समयदेखि आर्थिक वृद्धिको चालकको रूपमा आफ्नो विशाल श्रमशक्तिमा निर्भर रहेको देशको जनसाि कीय गिरावटलाई उल्टाउन असफल भएको छ।

धेरैले जन्मदर घट्नुको मुख्य कारण जीवनयापनको बढ्दो लागतका साथै श्रमशक्तिमा जाने र उच्च शिक्षा हासिल गर्ने महिलाको बढ्दो संख्या रहेको बताएका छन् ।

'इकोनोमिस्ट इन्टेलिजेन्स युनिट'का अनुसार सन् २०३५ सम्ममा चीनको कूल जनसंख्याको करिब एक तिहाइ जनसंख्या ६० वर्षमाथिको मानिसको हुनेछ ।

शुक्रबार सार्वजनिक गरिएको तथ्याङ्कअनुसार अहिले ६० वर्ष वा सोभन्दा बढी उमेर समूहको जनसंख्या ३१ करोड ३१ लाख पुगेको छ । यो देशको एक चौथाइभन्दा केही प्रतिशत मात्र कम हो र सन् २०२३ मा रेकर्ड गरिएको करिब २९ करोड ७० लाखभन्दा केही प्रतिशत बढी हो ।

तथ्याङ्कले चीनको जन्मदर विश्वमा सबैभन्दा कम जन्मदर भएका मुलुकको अघिल्लो वर्षको तुलनामा केही बढेर प्रति एक हजार ६.७७ व्यक्ति पुगेको छ ।

जनकपुर टुडे



# रैथाने उत्पादनबाटै मनग्य आम्दानी

धरान । धरान-१५ की मनिता घिमिरे सात वर्षदेखि तीतेपाती, नीम, घिउकुमारी, बकाइनोजस्ता वनस्पतिबाट साबुन बनाउने घरेलु उद्योग सञ्चालन गर्दै आउनुभएको छ। उहाँले उत्पादन गर्नुभएको साबुन मेला, महोत्सव, प्रदर्शनीलगायत अन्यत्र बिक्री हुने गर्दछ। नेपालमा मात्र नभएर विदेशका धेरै ठाउँहरुबाट 'अनलाइन'बाट माग गर्ने ग्राहक धेरै भएको उहाँ बताउनुहुन्छ।

केही वर्षअघि काठमाडौँको ठमेलमा एकजना विदेशीबाट साबुन बनाउने तालिम लिएर त्यहाँबाट सिकेको सीपको उपयोग गर्दै उहाँले उद्योग सञ्चालन गर्नुभएको हो। उहाँले सात वर्षदेखि धरान-१५ स्थित आफ्नै घरमा साबुन उद्योग सञ्चालन गरिरहनुभएको छ। रु २५-३० हजारको लगानीमा सुरु गर्नुभएको व्यापार अहिले राम्रो आम्दानीको स्रोत बनेको छ। नेपालमै सिकेको सीपलाई उपयोग गर्न सकियो भने थोरै लगानीबाट राम्रो आम्दानी गर्न सकिने उहाँको भनाइ छ।

उहाँले आफूमा रहेको सीपलाई विस्तार गर्ने उद्देश्यले देशका विभिन्न ठाउँमा आयोजित तालिमहरुमा महिलालाई प्रशिक्षित गराउनुभएको छ। उहाँले इटहरी, उदयपुर, धनकुटालगायत ठाउँहरुमा तालिमहरु दिइसक्नुभएको छ। महिलाहरुले फुर्सदको समय सदुपयोग गरेर साबुन बनाई आम्दानी गर्न सक्ने उहाँ बताउनुहुन्छ। उहाँले भन्नुहुन्छ, "गाउँघरमा पाइने वनस्पतिको प्रयोग गरेर साबुन बनाउन सकिन्छ, यसबाट उपभोक्तादेखि मुलुकलाई नै फाइदा हुन्छ।"

सानो लगानीबाट गर्न सकिने यस्ता व्यवसायका लागि स्थानीय सरकार र स्थानीय तहमा वडा कार्यालयले पनि विपन्नलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको उहाँको सुझाव छ। पछिल्लो समय जलवायु अनुकूलको दृष्टिले पनि रैथाने बालीप्रति उपभोक्ताको आकर्षण बढ्दै गएको छ। अहिले धरानमा सञ्चालन गरिएको एक्स्पोमा पनि उहाँले बताउनुभएको साबुन किन्नेको घुइँचो देख्न सकिन्छ। मेलामा राखिएका रैथाने उत्पादनहरुप्रति उपभोक्ताहरुको आकर्षण बढेको छ।




**किबीको व्यावसायिकखेती**

पाँचथरका जुनु लावती २०६८ सालदेखि किबीखेती गर्दै आउनुभएको छ। उहाँले सनम फलफूल उत्पादन तथा प्रशोधन उद्योग फार्म सञ्चालन गर्दै आउनुभएको छ। परम्परागत निर्वाहमुखी खेतीभन्दा व्यावसायिकखेती गरी आम्दानीसँग जोडिने नगदेबालीका रुपमा किबीखेती उपयुक्त लागेकोले २०६८ सालदेखि यसको खेती सुरु गरेको उहाँले बताउनुभयो।

उहाँले यसमा कृषि फर्म, नर्सरी र प्रशोधन केन्द्र स्थापनामा झण्डै रु एक करोड बराबरको लगानी गरिसक्नुभएको छ। उहाँले अहिले ४५ रोपनी क्षेत्रफलमा किबीखेती गरिरहनुभएको छभने भाडामा जग्गा लिएर १५ रोपनी क्षेत्रफलमा नर्सरी उत्पादन गर्नुभएको छ। पैसा कमाउन विदेश नै जानुपर्छ भन्ने छैन, मिहेनत गरेमा कृषि पेसामै आत्मनिर्भर हुन सकिने उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ, "कृषिमा लागेर पनि सफल व्यवसायी बन्न सकिने रहेछ।"

उहाँ धरान एक्स्पोमा किबीको व्यापार गर्दै आउनुभएको छ। किबी र किबीबाट उत्पादन गरिएका जुसको व्यापार अत्यधिक मात्रामा बिक्री भइरहेको छ। लावतीले अहिले एक्स्पोमा किबी फलबाट उत्पादन गरिएको किबीको जुस, अचारलगायत किबीबाट उत्पादन गरिएको विभिन्न वस्तुहरु बिक्रीका लागि राखिएको छ। सूचना प्रविधिको पहुँचबाट टाढा रहेका कारण आफूले अनलाइनको माध्यमबाट बजारीकरण गर्न नसकेका कारण विभिन्न जिल्लामा आयोजित एक्स्पो मेला, महोत्सवलगायत ठाउँहरुमा पुगेर आफ्ना उत्पादनहरु बिक्रीका लागि लैजाने गरेको उहाँले बताउनुभयो।

यस्ता मेला, महोत्सवहरुमा दैनिक रु ८० हजारदेखि रु एक लाखसम्म आम्दानी हुने गरको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "दुर्गम ठाउँहरुमा उत्पादन गरिएका कृषि रैथाने बाली पर्याप्त पौष्टिक तत्वले भरिपूर्ण हुने र स्वास्थ्यका लागि फाइदाजनक हुने हुँदा बिस्तारै उपभोक्ताहरुको आकर्षण बढ्दो छ। अझै यसबारे प्रचारप्रसार र आम सर्वसाधारणमा जानकार र चेतना पुर्‍याउन सकिएमा बजारको समस्या हुने थिएन।" लावतीले भन्नुभयो, "किबी उत्पादन भए पनि बजारको समस्या छ। किसानले उत्पादन गरेको वस्तुहरु सरकारले उचित मूल्यमा खरिद गरी बजारीकरण गरिदिए किसानलाई सहज हुनेछ। किसानहरुले उत्पादन गरेका वस्तुहरु बिक्री हुने कुरा सुनिश्चित गर्न सकिए नेपालमै स्वरोजगार सिर्जना गर्न सकिन्छ।"

> विगत २० वर्षदेखि सख्खरको व्यापारमा रमाई रहनुभएका सत्तुवासभाका दिलीप मगरलाई पनि यस पटकको धरान एक्स्पो निकै फाइदाजनक बन्यो । उहाँ सक्खरकोव्यापारबाट राम्रै आम्दानी भएको बताउनुहुन्छ ।

उहाँले किबी खेतीबाहेक नर्सरीबाट पनि राम्रै आम्दानी गर्नुभएको छ। उहाँको नर्सरीबाट उत्पादन गरिएका विभिन्न जातका बिरुवाहरु पाँचथर, सुनसरी, झापा, मोरङ, धनकुटा, इलाम, सङ्खुवासभा, भोजपुरलगायत जिल्लामा मात्र होइन, भारतका विभिन्न सहरहरुमा समेत बिक्री हुने गरेको छ।

**सक्खरको गुलियो व्यापार**

विगत २० वर्षदेखि सख्खरको व्यापारमा रमाई रहनुभएका सङ्खुवासभाका दिलीप मगरलाई पनि यस पटकको धरान एक्स्पो निकै फाइदाजनक बन्यो। उहाँ सक्खरको व्यापारबाट राम्रै आम्दानी भएको बताउनुहुन्छ। लामो समयसम्म सुँगुरपालन र दानाखेती गर्दै आउनुभएका उहाँ २० वर्षदेखि सक्खरको व्यापारमा लाग्नुभएको छ। अहिले डिएलएमएस बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्म खोलेर सक्खरबाहेक अम्रिसोको कुच्चो, निबुवाको चुक साथै अन्य अर्ग्यानिक कृषि उत्पादनको व्यापार पनि गर्ने गर्नुहुन्छ।

सक्खरको व्यापार मौसमी पेसा भएकाले वर्षमा नौ महिना मात्रै यसको व्यापार हुने गरेको गर्दछ। नौ महिनामा मात्र उहाँले पाँच हजार केजीभन्दा बढी सक्खर बनाएर बिक्री गरेको र यसबाट रु १२ लाखसम्म आम्दानी भएको उहाँको भनाइ छ। सक्खर बनाउनका लागि मात्र उहाँले अहिले ९५ रोपनी जग्गामा उखुखेती गर्दै आउनुभएको छ। उहाँले भन्नुभयो, "सक्खर बनाउनका लागि उखु बाहिरबाट खरिद गर्नु पर्दैन, आफैँले खेती गरेको कारण निकै सहज भएको छ।"

उहाँको फार्ममा बास्नादार र शुद्ध सादा गरी दुई किसिमको सक्खर पाइन्छ। बास्नादार सक्खर बनाउँदा ल्वाङ, सुकुमेल, गरम मसला र नरिवल हालेर बनाउने गरिन्छ भने शुद्ध सादामा केही नहाली बनाइएको हुन्छ। उहाँले सादा सक्खर अहिले प्रतिकेजी रु दुई सय र बास्नादार सक्खर रु पाँच सयमा बिक्री भइरहेको बताउनुहुन्छ। उहाँका अनुसार सक्खर किन्नका लागि धेरैजसो व्यापारी फार्ममै पुग्ने गरेका छन् भने कतिपयले फोनबाट माग गर्दछन्। फार्मबाट बिक्री गर्नुभन्दा मेला, महोत्सवमा बिक्री गर्दा बढी फाइदा हुने गरेको उहाँको भनाइ छ।

पछिल्लो समय धेरै मानिसमा मधुमेहको समस्या देखिएकाले पनि चिनीको सट्टा सक्खरको प्रयोग गर्न थालेपछि यसको व्यापार बढेको उहाँको भनाइ छ। उहाँले उत्पादन गर्नुभएको सक्खर सुनसरी, धनकुटा, मोरङ, विराटनगर, झापा, काठमाडौँ, पोखरालगायत ठाउँमा बिक्री हुने गरेको छ।

एक्स्पोमा सक्खर किन्न आउनुभएका धरानका साजन उदास पछिल्लो समय गुलियो पारखीहरुका लागि सक्खर निकै लाभदायी भएको बताउनुभयो। उहाँले भन्नुभयो, "चिनीको प्रयोग गर्दा विभिन्न किसिमका रोग लाग्ने गरेकाले सक्खरको प्रयोग गर्न थालेको हुँ।" सक्खरलाई चिनीको सट्टा चिया, रोटीलगायत अन्य परिकारहरुमा प्रयोग गर्ने गरेको उहाँको भनाइ छ।

**एक्स्पोले गरायो बजारीकरण**

सुनसरी उद्योग वाणिज्य सङ्घको आयोजना, स्थानीय सरकार, धरान उपमहानगरपालिका, कोशी प्रदेश सरकार, सङ्घीय सरकारको सहयोगमा सुरु भएको धरान एक्स्पोबाट स्थानीय किसानका साथै उपभोक्ताहरु लाभान्वित भएका छन्। व्यापार-व्यवसायको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको एक्स्पोमा हस्तकलाका सामग्री, कृषिजन्य उत्पादनहरु राखिएका छन्। सुनसरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष विजय श्रेष्ठ भन्नुहुन्छ, "एक्स्पोमा विषादीयुक्त तरकारीका साथै कृषि उपजको आयातलाई निरुत्साहित गर्दै किसानले उत्पादन गरेको स्थानीय उत्पादनहरुलाई प्राथमिकतामा राखेर एक्स्पोको आयोजना गरिएको हो।"

एक्स्पोमा स्थानीय उत्पादन र किसानलाई अर्ग्यानिक उत्पादनमा जोड दिँदै बिक्री कक्षहरु राखेर प्राविधिक सहयोग गर्दै आएको धरान एक्स्पो अनुगमन समितिको संयोजक जयप्रकाश शर्माले बताउनुभयो। स्थानीय निकायमा भएका सानादेखि ठूला उद्योगबाट उत्पादन भएका सबै उत्पादनलाई एक्स्पोमा प्रदर्शनीका लागि राखिएको एक्स्पोका मूल संयोजक गोपाल श्रेष्ठ बताउनुहुन्छ।

एक्स्पोमा राखिएका एक सय ४२ वटा स्टलमा कृषिउपज, कृषि औजार, घरेलु तथा साना उद्योगका उत्पादन, तयारी कपडा, घरेलु सामान प्रदर्शनी र बिक्रीका लागि राखिएका छन्। एक्स्पोमा कोशी प्रदेशका विभिन्न जिल्लाहरु र छिमेकी दार्जिलिङलगायत भारतका विभिन्न स्थानबाट अवलोकन तथा व्यापार-व्यवसायका लागि आउने मानिसको भीड लागेको छ। एक्सो गत पुस २५ गतेदेखि सुरु भई यही माघ ५ गतेसम्म सञ्चालन भइरहेको छ।रासस

# अमेरिकी डलर उकालो लाग्दा कुन विदेशी मुद्राको भाउ बढ्यो र कुनको घट्यो

काठमाण्डु। नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्यमा नयाँ कीर्तिमान कायम भएको छ। लगातार उकालो लागेको अमरिकी डलरमा शुक्रबार पनि वृद्धि भएको छ।

युरोपियन युरो, युके पाउन्ड स्ट्र्लिङ, स्वीस फ्र्याङ्क, अष्ट्रेलियन डलर, सिङ्गापुर डलर, जापानी येन, चिनियाँ युआन, साउदी अरेबियन रियाल, कतारी रियाल, थाई भाट, युएई दिराम, मलेसियन रिङ्गेट, साउथ कोरियन वन, स्वीडिस क्रोनर, हङकङ डलर, कुवेती दिनार, बहराइन दिनार र



ओमनी रियालको भाउमा वृद्धि भएको छ। यस्तै, क्यानेडियन डलरको मूल्य भने ओरालो लाग्दा अन्य केही विदेशी मुद्राको भाउ भने स्थिर छ।

राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३८ रूपैयाँ १९ पैसा र बिक्रीदर एक सय ३८ रूपैयाँ ७९ पैसा कायम भएको छ। युरोपियन युरो एकको खरिददर एक सय ४२ रूपैयाँ १७ पैसा र बिक्रीदर एक सय ४२ रूपैयाँ ७९ पैसा, युके पाउन्ड स्ट्र्लिङ एकको खरिददर एक सय ६८ रूपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ६९ रूपैयाँ ४१ पैसा, स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५१ रूपैयाँ ५४ पैसा र बिक्रीदर एक सय ५२ रूपैयाँ २० पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८५ रूपैयाँ ८३ पैसा र बिक्रीदर ८६ रूपैयाँ २० पैसा, क्यानेडियन डलर एकको खरिददर ९६ रूपैयाँ १३ पैसा र बिक्रीदर ९६ रूपैयाँ ५५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रूपैयाँ ०७ पैसा र बिक्रीदर एक सय एक रूपैयाँ ५१ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर आठ रूपैयाँ ८७ पैसा र बिक्रीदर आठ रूपैयाँ ९१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रूपैयाँ ८५ पैसा र बिक्रीदर १८ रूपैयाँ ९३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रूपैयाँ ८३ पैसा र बिक्रीदर ३६ रूपैयाँ ९९ पैसा, कतारी रियाल एकको खरिददर ३७ रूपैयाँ ९२ पैसा र बिक्रीदर ३८ रूपैयाँ ०८ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रूपैयाँ र बिक्रीदर चार रूपैयाँ ०१ पैसा, युएई दिराम एकको खरिददर ३७ रूपैयाँ ६२ पैसा र बिक्रीदर ३७ रूपैयाँ ७९ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रूपैयाँ ६९ पैसा र बिक्रीदर ३० रूपैयाँ ८३ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रूपैयाँ ४८ पैसा र बिक्रीदर नौ रूपैयाँ ५२ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रूपैयाँ ३८ पैसा र बिक्रीदर १२ रूपैयाँ ४४ पैसा र डेनिस क्रोनर एकको खरिदर १९ रूपैयाँ पाँच पैसा र बिक्री दर १९ रूपैयाँ १४ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रूपैयाँ ७४ पैसा र बिक्रीदर १७ रूपैयाँ ८२ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ४७ रूपैयाँ ८० पैसा र बिक्रीदर चार सय ४९ रूपैयाँ ७४ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ६६ रूपैयाँ ६१ पैसा र बिक्रीदर तीन सय ६८ रूपैयाँ २० पैसा, ओमनी रियाल एकको खरिददर तीन सय ५८ रूपैयाँ ९५ पैसा र बिक्रीदर तीन सय ६० रूपैयाँ ५१ पैसा तोकिएको छ। यस्तै, भारतीय रूपैयाँ एक सयको खरिददर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा निर्धारण भएको छ। रासस

# सङ्कटमा माटाका भाँडा बनाउने पेसा

गण्डकी। कुमाल जाति पहिचानसँग जोडिएको छ माटाकै भाँडा बनाउने पेसा। पहिचान मात्रै होइन कुनै बेला यो पेसा जीविकोपार्जनको बलियो आधार पनि थियो। अचेल भने न कुमालेको पहिचान यसैमा सीमित छ न त यही पेसाबाट जीविकोपार्जन गर्ने अवस्था छ। आधुनिकताको प्रभावका कारण आफ्नो पेसा सङ्कटमा पर्न थालेको गुनासो बढ्न थालेको छ।




दैनिकजसो कारोबार गर्ने अवस्था नभए पनि केही वर्षअघिसम्म मेला महोत्सवमा भने यी भाडाँप्रति गज्जबको आकर्षण देखिन्थ्यो। अचेल भने मेला महोत्सवमा पनि माटाका भाँडावर्तन देखिँदैनन्। पोखराको प्राचीन मेला ढुङ्गेसाँघुमा पनि यसपालि यस्ता भाँडाकुँडा देखिएनन्।

कुनैबेला माघेसङ्क्रान्तिको अघिल्लो दिन डोका भरी माटाका भाँडा बोकेर मेलाको नजिक बास बस्न आउने कुमालेहरूको भीड नै देखिन्थ्यो। बजारभरि माटाका सामान देखिन्थे। स्थानीय ९६ वर्षीय चन्द्रकान्त भण्डारी यसपालि ढुङ्गेसाँघु मेलामा माटाका भाँडा नदेखिएको बताउनुहुन्छ। उहाँका अनुसार बजारमा नपाइए पनि माटाका सामान चाहनेहरूले वर्ष दिनमा लाग्ने ढुङ्गेसाँघुको मेलामा भने अवश्य पाउँथे। भण्डारीले यस्तै मेलामा किनेको हाँडीमा भुटेको मकैको स्वाद अहिले पनि बिर्सिनुभएको छैन। "हाँडीमा भुटेको मकैमात्र होइन, गर्मीयाममा माटाको घैँटोमा राखेको चिसो पानी खाँदा शरीर नै शीतल हुने गर्थ्यो। कास्कीको पोल्याङटार, भण्डारढिक, रिठ्ठेपानीलगायत विभिन्न स्थानमा रहेका कुमालगाउँमा बनाइने यस्ता सामान सजिलै पाइथे। आजभोलि भने समस्या छ", उहाँले भन्नुभयो।

> स्थानीय ९६ वर्षीय चन्द्रकान्त भण्डारी यसपालि ढुङ्गेसाँघु मेलामा माटाका भाँडा नदेखिएको बताउनुहुन्छ । उहाँका अनुसार बजारमा नपाइए पनि माटाका सामान चाहनेहरूले वर्ष दिनमा लाग्ने ढुङ्गेसाँघुको मेलामा भने अवश्य पाउँथे । भण्डारीले यस्तै मेलामा किनेको हाँडीमा भुटेको मकैको स्वाद अहिले पनि बिर्सिनुभएको छैन ।

माटाका परम्परागत सामग्री हाँडी, घैँटो, पाला, चिलिम, खुत्रुके, गमलालगायत सामानको विकल्पमा प्लाष्टिक र स्टिलका भाँडाको प्रयोग बढ्दै गएपछि कुमालको पेसा लोप हुने अवस्था आएको हो।

हिन्दू धर्मावलम्वीको मृत्यु संस्कारमा आवश्यक पर्ने हाँडी, विभिन्न पूजापाठमा आवश्यक पर्ने पालालगायत माटाका भाँडा पाउन कठिन बन्दै गएको बताउँदै ज्येष्ठ नागरिक भण्डारीले भन्नुभयो, "प्लाष्टिक, स्टिल र फलामका सामानको प्रयोग बढेको छ। सेती नदीमाथि ढुङ्गा र माटोबाट बनेको प्राकृतिक पुल ढुङ्गेसाँघुमा दुई सय वर्षभन्दा अघिदेखि मेला लाग्दै आएको किंवदन्ती छ। सोही अवधिदेखि मेलामा निरन्तर माटाका भाँडाको राम्रो व्यापार हुने गरेको थियो। अचेल भने त्यहाँ पनि यस्ता भाँडाकुँडा देखिन छाडेका छन्।"

मेला व्यवस्थापन समितिका संयोजक एवं सदाशिव हरिहर सिद्धेश्वर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र शर्मा भण्डारीका अनुसार विगतका वर्षमा व्यापारीहरु आउने गरे पनि यसवर्ष बजारमा माटाका भाँडा देखिएनन्।

वर्षौंदेखि गर्दै आएको पेसा सङ्कटमा पर्न थालेपछि कतिपय कुमाल समुदायका युवा विदेशिने र माटाका भाँडा बनाउने सीप भएका अग्रजहरू अन्य काम गर्न बाध्य भएको जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमाल बताउनुहुन्छ। उहाँले यो पेसा संरक्षणका लागि सरकारी तवरबाट पहल नहुँदा सामग्री उत्पादन भए पनि बजार अभावका कारण समस्या भएको बताउनुभयो। "सुपथ मूल्य र प्लाष्टिकका सामग्री गाउँगाउँमा पुग्न थालेपछि कुमाल जातिको पेसा लोप हुने अवस्थामा पुगेको छ", उपप्रमुख कुमालले भन्नुभयो,"प्लाष्टिक र स्टिलका समानको तुलनामा बढी मूल्य पर्ने र फुटेपछि पुनःप्रयोग नहुने भए पनि स्वास्थ्यका लागि लाभदायक मानिने माटोका भाँडा उत्पादन र प्रयोगको वातावरण बनाउन तीनै तहका सहकार जिम्मेवार बन्नुपर्छ।"

गण्डकी प्रदेश सरकारले स्थानीय समुदायको जीविकोपार्जनमा सहयोग पुर्‍याउने उद्देश्यले यो पेसा संरक्षणका लागि काम नगरेको होइन। गोर्खाको सिरानचोक गाउँपालिका वडा नं ४ स्थित छाप्राकको कुमाल बस्तीमा रु ६५ लाखको लागतमा सामूहिक माटाका भाँडा बनाउने कार्यक्रम सञ्चालन भइरहेको छ। यसलाई अन्य ठाउँमा पनि विस्तार गर्न आवश्यक रहेको स्थानीय तोपबहादुर कुमालको भनाइ छ। "सरकारले तालिमसहित माटो मुछ्ने मेसिन उपलव्ध गराएको छ। हाल माटोका गमला बनाएर बिक्री गर्दै आएका छौँ। हाँडी र घैँटोको माग अत्यधिक आए पनि तालिमको अभावमा उत्पादन गर्न सकिएको छैन। यसमा पनि ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो।

पोखरा महानगरपालिका-१७ महतगौडा सीतापाइलास्थित हरिहर मन्दिर परिसरमा प्रत्येक वर्ष माघेसङ्क्रान्तिका दिन ढुङ्गेसाँघु मेला लाग्दै छ। यस वर्ष मेलामा एक सय ३० वटा स्टल राखिए पनि माटाका भाँडाका स्टल भने एउटा पनि थिएन।रासस

# तरकारी र फलफूलको मूल्य

काठमाण्डु। कालीमाटी फलफूल तरकारी विकास समितिले शुक्रबारका लागि कृषिउपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो।

शुक्रबार गोलभेँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभेँडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभेँडा सानो (भारतीय) प्रतिकेजी रु ३५, गोलभेँडा सानो (तराई) प्रतिकेजी रु ३५, आलु रातो प्रतिकेजी रु ४७, आलु रातो (भारतीय) प्रतिकेजी रु ४२, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६५, गाजर (लोकल) प्रतिकेजी रु ८०, गाजर (तराई) प्रतिकेजी रु ७० कायम भएको छ।

साथै बन्दा (लोकल) प्रतिकेजी रु ३०, बन्दा (तराई) प्रतिकेजी रु २०, बन्दा (नरिवल) प्रतिकेजी रु २०, काउली स्थानीय प्रतिकेजी रु २०, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु ३०, काउली (तराई) प्रतिकेजी रु २०, मूला रातो प्रतिकेजी रु ३५, मूला सेतो (लोकल) प्रतिकेजी रु ३०, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ४०, भन्टा डल्लो प्रतिकेजी रु ६० कायम भएको समितिले जनाएको छ।

यसैगरी, मकै बोडी प्रतिकेजी रु ७०, मटरकोसा प्रतिकेजी रु ८०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ९०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ९०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ६०, तितेकरेला प्रतिकेजी रु ११०, लौका प्रतिकेजी रु ७०, परवर (तराई) प्रतिकेजी रु १००, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड



प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु १००, स्कूस प्रतिकेजी रु ४५, रायो साग प्रतिकेजी रु २०, पालुङ्गो साग प्रतिकेजी ७०, चमसुरको साग रु ७०, तोरीको साग प्रतिकेजी रु ४०, मेथीको साग प्रतिकेजी रु ७०, प्याज हरियो प्रतिकेजी रु ६०, बकुला प्रतिकेजी रु ८०, तरुल प्रतिकेजी रु १००, च्याउ (कन्य) प्रतिकेजी रु १००, च्याउ (डल्ले) प्रतिकेजी रु ३०० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ४०, चुकुन्दर प्रतिकेजी रु ८०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १४०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३०, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, काँक्रो (लोकल) प्रतिकेजी रु १५०, काँक्रो (हाइब्रिड) प्रतिकेजी रु ११०, रुख कटहर रु १००, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २५०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु ११०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ८०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ७०, लसुन हरियो प्रतिकेजी रु १६०, हरियो धनिया प्रतिकेजी रु ५०, लसुन सुकेको चाइनिज प्रतिकेजी रु ३००, लसुन सुकेको नेपाली प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ५००, रुख टमाटर प्रतिकेजी १६०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ।रासस

# उपराष्ट्रपति यादवसंग भारतीय राजदूत श्रीवास्तवको शिष्टाचार भेटवार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । उपराष्ट्रपति रामसहाय प्रसाद यादवसंग भारतका महामहिम राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेटवार्ता गरेका छन् ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शुक्रबार भएको भेटमा शुभकामना आदानप्रदान प्रश्चात दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग, नेपालको विकास प्राथमिकताहरु, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा सहयोग र सहकार्य लगायतका विषयमा छलफल भएको थियो ।

उपराष्ट्रपति यादवले नेपाल र भारतबीच सौहार्द्रता, मित्रता, सदभावना, आपसी समझदारी र सहयोगले गाँसिएको गहिरो एवं वृहत सम्बन्ध रहेको बताए । 'दुई देशबीचका सम्बन्धहरू सार्वभौमिक समानता, असल छिमेकीपन, आपसी सम्मान र पारस्परिक विश्वासका सिद्धान्तमा आधारित छन्' उनले भने, 'नेपाल र भारतबीच सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक सम्बन्ध एवं जनस्तरको घनिष्ठ सम्बन्धको शताब्दीयौं पुरानो परम्परा छ ।'

उपराष्ट्रपति यादवले हालैका वर्षहरुमा नेपाल-भारत सहयोग र विकास साझेदारीले विशेषगरी सीमापार पूर्वाधार विकास र ऊर्जा क्षेत्रमा राम्रो गति लिएकोमा खुशी व्यक्त गरे । 'छिमेकीलाई प्राथमिकता दिने भारतको 'नेबरहुड फर्स्ट' नीतिको नेपालले प्रशंसा गर्दछ, यसबाट भारतले आफ्ना छिमेकी राष्ट्रहरुलाई दिएको प्राथमिकता र महत्त्व प्रतिविम्बित हुन्छ' उनले भने, 'निकट छिमेकीका नाताले भारतसँग नजिकको सहकार्य गर्न पाउँदा खुशी छौं ।'

उनले उच्चस्तरीय भ्रमणको आदान-प्रदानले हाम्रा दुई मुलुकबीचको हार्दिक द्विपक्षीय सम्बन्धलाई थप मजबुत तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको समेत बताए । उनले भने, ' सन् २०२४ मा भारतको विदेश मन्त्री र विदेश सचिवले गर्नुभएको नेपाल भ्रमण तथा गत साता भएको वाणिज्य सचिवस्तरीय द्विपक्षीय बैठक तथा यस प्रकारका अन्य द्विपक्षीय संयन्त्रहरुको बैठकले दुई देशबीच आपसी विश्वास र सहयोगको वातावरण बनेकोमा हर्षित छु ।'



उनले भारत नेपालको एक महत्वपूर्ण विकास साझेदार रही आएको उल्लेख गर्दै हामीले भारतबाट आर्थिक, प्राविधिक लगायत विभिन्न क्षेत्रमा उल्लेखनीय सहयोग प्राप्त गर्दै आएको बताए । 'हवाई, सडक र रेलमार्ग, पेट्रोलियम पदार्थको पाइपलाइन, जलविद्युत तथा प्रसारण लाइनको विकास, एकीकृत जाँच चौकी (आईसीपी) र मानव संसाधन विकासका क्षेत्रमा नेपाल-भारत सहकार्य महत्वपूर्ण छ' उनले भने, 'निकट छिमेकीका रुपमा हाम्रा दुई देशको विगत, वर्तमान र भविष्य जोडिएको छ, हाम्रा जनताको प्रगति र समृद्धिका लागि हाम्रो मित्रता तथा सहकार्य थप मजबुत हुनुपर्दछ ।'

उनले नेपालको विकास प्राथमिकताहरुमा हरित, दिगो र समावेशी आर्थिक विकास हासिल गर्नुका साथै कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत, व्यापार, लगानी, पर्यटन र मानव संशाधन विकास रहेको बताए । 'सन् २०२६ सम्ममा नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदैछ, यस संक्रमणकालमा हामीले आफ्नो क्षमता विकास गर्नुपर्नेछ ' उपराष्ट्रपति यादवले भने, 'यसका निमित्त जनताको दक्षता बढाउने, विभिन्न बस्तुको उत्पादन गर्ने तथा पूर्वाधार निर्माण गर्ने जस्ता विषय पनि हाम्रा प्राथमिकतामा छन् ।'

उनले प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाले नेपाल र भारतलाई शताब्दीयौंदेखि जोडेको उल्लेख गर्दै हामीले दुई मुलुकका जनताको बृहत्तर लाभको लागि स्रोतहरूको संरक्षण र परिचालन गर्न आवश्यक रहेको बताए । उनले भेटमा हाम्रा दुई मुलुक सार्क, विम्सटेक, बीबीआईएन जस्ता क्षेत्रीय तथा संयुक्त राष्ट्रसंघ जस्ता बहुपक्षीयमञ्चहरूमा पनि निकट रुपमा सहयोग र सहकार्य गर्दै आएको पनि उल्लेख गरे । उपराष्ट्रपति यादवले भारतको ७६ औं गणतन्त्र दिवस (२६ जनवरी) को अवसरमा राजदूतमार्फत् भारतीय जनतालाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे ।

> भारतीय राजदूत नवीन श्रीवास्तवले भारतले "नेबरहुड फर्स्ट" नीतिलाई निरन्तर अघि बढाएको उल्लेख गर्दै गहुँ निर्यातमा प्रतिबन्धका बाबजूद नेपालाई दुई लाख टन गहुँ निर्यातका लागि अनुमति दिएको बताए ।

भारतीय राजदूत नवीन श्रीवास्तवले भारतले 'नेबरहुड फर्स्ट' नीतिलाई निरन्तर अघि बढाएको उल्लेख गर्दै गहुँ निर्यातमा प्रतिबन्धका बाबजूद नेपालाई दुई लाख टन गहुँ निर्यातका लागि अनुमति दिएको बताए । उनले भैरहवामा भारतले यसै वर्ष सम्पन्न हुने गरी एकीकृत सुरक्षा जाँच चौकी निर्माण गरिरहेको जनाउँदै नेपाललाई भारतले एक हजार चौसठी मेगावाट विजुली आपूर्ति गरिरहेको र बाढीका बेला १० वटा बेलीब्रिज पनि हस्तान्तरण गरेको बताए ।

# कठै दिनेश त्रिपाठीजीहरु......

ब्लग :



श्यामसुन्दर शशि

कोरोना संक्रमित हंसपुर नगरपालिका, लौवाखोर-प्रसाहीका राजु सदालाई एम्बुलेन्स चालककले अस्पताल पुऱ्याउन मानेन । पछि, उनलाई नगरपालिकाको टिपरमा गाई-वस्तु भैँ लोड गरेर जनकपुरधामस्थित प्रादेशिक अस्पताल ल्याइएको थियो । जहाँ सिटामोलसम्म खान नपाएर उनले ज्यान गुमाउनु परेको थियो । खाइ लाग्ने उमेरका लक्का जवान दलित युवा बारे मैले यसै ब्लगमार्फत लेखेको थिएँ- कठै राजु सदाहरु.... ।

नेपाली कांग्रेसको पछिल्लो महाधिवेशनमा सभापतिका उम्मेदवार बनेका नेपाली कांग्रेसका पूर्वउपसभापति एवं पूर्वउपप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधि नराम्ररी पछारिएपछि मैले यसै ब्लगमार्फत लेखेको थिएँ- मधेशी भएर सभापति बन्न खोज्दाको पीडा विमलेन्द्र जीसंग सोध्नुहोस्..... ।

शानदार खेल प्रदर्शन गर्दै नेपाली १९ वर्ष मुनिको महिला राष्ट्रिय क्रिकेट टिमलाई एशिया कपको फाइनलसम्म पुऱ्याउँन सफल १९ वर्ष मुनिको राष्ट्रिय क्रिकेट टिमकी कप्तान पूजा महतोले अन्तर्वार्ताको क्रममा अंग्रेजीमा बोल्दा तिनीमाथि नेपाली नै नभएको आरोप लगाउँदा मैले सामाजिक सञ्जालमा लेखेको थिएँ- कठै पूजा महतोहरु.....

नेपाली राष्ट्रिय क्रिकेट टिमका प्रतिभाशाली खेलाडीहरु अनिलकुमार साह होस् कि आरिफ सेख । चर्चित मुटुरोग विशेषज्ञ ओममूर्ति अनिल होस् कि वैज्ञानिक एवं जनमत पार्टीका अध्यक्ष डा.सीके राउतहरु । मधेशीमूलका जो कोही राष्ट्रिय-अन्तर्राष्ट्रिय पहिचान बनाउँछन्, मुलुकको स्थायी सत्तासंग सवाल गर्छन् वा आफ्नो प्रतिभाले अरुलाई पछि पार्छन् । सबैलाई पटक पटक आफू पनि नेपाली नै भएको प्रमाणित गर्नु पर्दछ । सहकारी पीडितहरुको पक्षमा बहस गरेर, काठमाण्डु जिल्ला अदालतबाट फर्किदैं गर्दा अराजक भीडबाट आएको सम्प्रदायिक सोर र त्यसपछि वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको आक्रमणले एक पटक फेरि लेख्न बाध्य भएको छु- कठै दिनेश त्रिपाठीजीहरु..........

दोषी नै ठकर नगरे पनि सम्मानित काठमाण्डु जिल्ला अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेको प्रसंगमा- 'रवि लामिछाने र गितेन्द्रबाबु राईको नाममा ऋण खाता खोली गाडी खरिद गर्न ऋण लिएको र स्वर्णलक्ष्मी सहकारीमा लामिछानेको हस्ताक्षरबाट काटिएको चेकबाट ९० लाख १६ हजार ६६० रुपियाँ तिरेको देखिएकाले उनी अहिले नै कसुरदार होइनन् भन्न सक्ने अवस्था नदेखिएको ।' भन्दै टिप्पणी गरिएको छ । यद्यपि रवि कास्की जिल्ला अदालतबाट ६५ लाख र काठमाण्डु जिल्ला अदालतबाट ६० लाख रुपैयाँ धरौटीमा रिहा भएका छन् । कुनै पनि व्यक्ति विशेष माथि आरोप लाग्नु, अनुसन्धान हुनु, मुद्दा चल्नु, अदालतले धरौटी माग्नु वा नमाग्नु र अन्तिम फैसलाबाट दोषी वा निर्दोष सावित हुनु कानूनी राज्यका स्वाभाविक प्रक्रिया हो । यो लामिछानेको हकमा पनि लागू हुन्छ । सम्मानित सर्वोच्च अदालते दोषी ठहर




नगरेसम्म उनी आरोपी मात्र हुन् ।

यसैगरि अदालतका विचाराधीन मुद्दाहरुमा पक्ष र विपक्षमा बहस, पैरवी गर्नु पनि सर्वमान्य प्रक्रिया हो । लोकतान्त्रिक देशहरुका संविधानले पेशागत अधिकार, मानवअधिकारी, लेख्ने र बोल्ने लगायतका अधिकारहरु सुनिश्चित गरेकै हुन्छन् । र पनि आफू वा आफ्ना गिरोहका मुखियाविरुद्ध बोल्ने, बहस-पैरवी गर्ने वा लेख्ने पेशाकर्मीमाथि पटक-पटक आक्रकण भएको हामीले पढ्दै र सुन्दै आएका छौं । सम्मानित काठमाण्डु जिल्ला अदालत परिसरमा सहकारी पीडित सर्वसाधारणको पक्षमा वकालत गर्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भए/गरेको अमानवीय व्यवहारलाई जति निन्दा गरे पनि थोरै हुन्छ । त्रिपाठीमाथि आक्रमण गर्नु अराजक समूहबाट आएको सम्प्रदायिक टिप्पणी झन् निन्दनीय छ । दुःखद छ ।

वरिष्ठ अधिवक्ता त्रिपाठीमाथि सम्मानित अदालत नजिकै भएको अराजक आक्रमणबारे सरकारको ध्यानाकर्षण नभएको भन्न मिल्दैन । कारण प्रहरीले तत्कालै एक जनालाई पक्राउ गरेको थियो । श्रव्य-दृश्यमा देखिएको तथा सुनिएको प्रमाणको आधारमा सरकारले अगाडिको कारबाही अघि बढाउने नै छ । तर यस प्रसंगमा राजनीतिक दल, कानून व्यवसायी, सञ्चार जगत, मानवअधिकारकर्मी एवं नागरिक समाजको उदासीनता उदेक लाग्दो छ ।

यसक्रममा एमाले नेता माननीय सूर्य थापाले आफ्नो फेसबूक वालमार्फत लेख्नु भएको विषय वस्तुको एक अंश यहाँ राख्न चाहेको छु । वहाँले लेख्नु भएको छ- 'राजनीतिक प्रतिशोधको यहाँहरूको हावादारी बेलुनको हावा बबरमहलस्थित काठमाण्डु जिल्ला अदालतको परिसरमा पुगेर फुस्स हुन पुगेको अवगत नै भएको होला । सम्मानित अदालतलाई स्वतन्त्रता र निर्भिकतापूर्वक काम गर्न अवरोध गरेर यहाँहरूले कार्तिक ३ गते देखि नै दुनियाँलाई आश्चर्यचकित र लज्जित तुल्याउनु भएकै छ ।

तपाईको पार्टीद्वारा परिचालित भइरहेको भैंडा जमातले सोसल मिडिया त प्रदुषित गरेकै छ, जसले अश्लील, छाडा र यहाँ लेख्नसम्म नसकिने शब्दमा गालीगलौज गरेर संसदीय समितिका सभापति, वकिल, पत्रकार, यतिसम्म कि न्यायाधीशलाई सम्म प्रशंसा र गाली दुबै गरिरहेको छ ।

ठोकेर भन्न सकिन्छ- दिनेश त्रिपाठीमाथिको आक्रमण सहकारी ठगहरूले गरेको हो । तिनलाई पीडितको पक्षमा बोल्ने, लेख्ने र बहस पैरवी गर्ने जो कोही व्यक्ति सैह्य छैनन् ।

म फेरि पनि भन्न चाहन्छु- विरोधि स्वरलाई सुनिएन भने लोकतन्त्र सखाप हुन्छ । सामाजिक सद्भावलाई जोगाउँन सकिएन भने सामाजिकता नष्ट हुन्छ । आरोप लाग्दैमा, अनुसन्धान हुँदैमा कोही दोषी हुने होइन । सरकारको, प्रहरीको, सम्मानित अदालतको आ-आफ्नो कार्यभार हुन्छ । जिम्मेवारी हुन्छ । सबै निकायले स्वतन्त्रतापूर्वक आ-आफ्नो कार्यभार पूरा गर्न पाउँनु पर्दछ । फेरि आफै दुई-दुई पटक गृहमन्त्री भइ सक्नु भएका रवि लामिछाने जस्ता होनहार नेता तथा वैकल्पिक शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका नेता, कार्यकर्ताहरु यी विषयमा बढी नै जानकार होला भन्ने आमजनको अपेक्षा छ । आगे हजुरहरुकै मर्जी ॥

# गढीमाईमा नगर प्रहरीद्वारा किशोरमाथि कुटपिटको प्रतिकार

**टुडे समाचारदाता**

बारा । बाराको गढीमाई मन्दिर परिसर बिहीबार र शुक्रबार दुई दिनसम्म तनावग्रस्त रहेको छ ।

महागढीमाई नगरपालिकाका नगर प्रहरीले बरियारपुरका ४/५ जना कोशोरहरुमाथि कुटपिट गरेको घटनालाई लिएर स्थानीयले प्रतिकार गरेपछि स्थिति तनावग्रस्त बनेको छ ।

गढीमाई मन्दिर परिसरमा नगर प्रहरीले केही किशोरहरुमाथि कुटपिट गरेको आरोप छ । स्थानीयले जनाए अनुसार किशोरहरुले मन्दिरमा परेवा समातेको विषयलाई लिएर प्रहरीको आक्रामक व्यवहार देखाएको छ । घटनापछि स्थानीयले शुक्रबार बिहान नगर प्रहरीलाई कुटपिट गर्न खोज्दा स्थिति तनावपूर्ण बनेको थियो ।

घटनाले उग्र रूप लिएपछि स्थानीयहरूले गढीमाई मन्दिर परिसरमा रहेको विवाह



मण्डपमा महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव र नगर प्रहरीलाई घेराबन्दीमा राखेका थिए । उनीहरुले प्रहरीको कुटपिटबाट प्रकाश कुशवाहा र दिपक कुशवाहालगायतका किशोरहरू घाइते भएका छन् ।

घटनास्थलमा खटिएका जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक नवराज सापकोटा नेतृत्वको टोलीले मेयर यादव र नगर प्रहरीलाई सुरक्षा प्रदान गरेको थियो । उनले बताए अनुसार अपराह्न ३:३० बजेतिर स्थानीयलाई तितरबितर गर्दै घेराबन्दीबाट मेयर र नगर प्रहरीलाई मुक्त गराइएको छ ।

पीडित परिवारजन र स्थानीयवासीले मेयर यादव र नगर प्रहरीलाई बालबालिकामाथि कुटपिट गरेको भन्दै प्रतिकारमा उत्रिनु परेको बताए । स्थानीय सत्यनारायण महतोले मेरो नातिसहितका बालकलाई निलडाम हुने गरी कुटपिट गरेको दुःखेसो पोखे । मेयर यादवले नगर प्रहरीको आडमा यस्ता गतिविधि गर्दै आएकाले यो विरोध अपरिहार्य रहेको बताए ।

बरियारपुरका वडाध्यक्ष मनोज गुप्ताले नगर प्रहरीले मन्दिरमा चढाइएका परेवा समात्न खोज्ने बालबालिकालाई कुटपिट गरे पनि गढीमाई मेलाबाट हुने करोडौं आम्दानीको हिनामिना भने ध्यानमा नलिएको आरोप लगाएका छन् ।

बारा प्रहरीका प्रहरी उपरीक्षक महेन्द्र खड्काले बालकहरूले परेवा समातेको भन्दै नगर प्रहरीले कुटपिट गरेपछि स्थिति बिग्रिएको बताए । सो घटनाको विषयमा मेयर यादवले आफूलाई कसैले मलाई घेराबन्दी गर्न नसक्ने उनले बताए ।

# सरकारविरुद्ध मिटरब्याज पीडितहरु आन्दोलन गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज पीडितहरु पुनः सडक आन्दोलनको तयारीमा जुटेका छन् । मिटरब्याज समस्या समाधानमा राज्य उदासीन देखिएको भन्दै 'मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन, नेपाल' ले आन्दोलन गर्न लागेको छ ।

यही माघ १४ गते मधेश प्रदेशका आठ वटै जिल्लामा आन्दोलन गर्ने तयारी गरेको संगठनका संयोजक मनोजकुमार पासवानले जानकारी दिए । यही माघ १४ गते जनकपुरधाममा कोणसभा गरेर राष्ट्रियस्तरको आन्दोलनका कार्यक्रम घोषणा गर्ने उनले बताए ।

उनले भने, 'हामी माघको ७ वा ८ गते पत्रकार सम्मेलन गर्छौं । त्यसमा आन्दोलनको विषयमा विस्तृत जानकारी दिन्छौं । उनले अघि थप्दैं भने, 'माघ १४ गते प्रदेशका आठ वटै जिल्लामा प्रदर्शनपछि जनकपुरधाममा




कोणसभा गर्छौं । कोणसभामा राष्ट्रियस्तरको आन्दोलनको कार्यक्रमको घोषणा गर्छौं ।'

सरकारले मिटरब्याज पीडितको समस्या समाधानका लागि गठन गरेको आयोगले प्रभावकारी रुपमा काम गर्न नसकेको पासवानको गुनासो छ । जिल्ला प्रशासन कार्यालयले पीडित र साहुबीच वार्ता गराउन छोडेको उनले बताए ।

उनले भने, 'पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको आयोग हुँदासम्म राम्रै काम भइरहेको थियो । दुई पक्षलाई बोलाएर वार्ता गराउने कामहरु पनि तीव्र रुपमा भएको थियो । अहिले सिडियो कार्यालयहरुमा छलफल गर्न रोकिएको छ, साहुहरुले पहिले भएको सहमति पनि मानिरहेका छैनन् । मिटरब्याज पीडितको समस्या समाधान हुनुभन्दा झनै बल्झिरहेको छ ।'

# मारवाडी महिला मञ्चको अध्यक्षमा शारदा देवी अग्रवाल

**टुडे समाचारदाता**

जनकपुरधाम । मारवाडी सेवा समिति अन्तर्गतका मारवाडी महिला मञ्च जनकपुरधामको निर्वाचनबाट सर्वसम्मत रुपमा शारदा देवी अग्रवाल निर्वाचित भएकी छन् ।

सो मञ्चको निवर्तमान अध्यक्ष दीपा चौधरी रहेकी छन् भने उपाध्यक्षमा रञ्जु रुंगटा, महासचिवमा रितु अग्रवाल, सचिवमा स्तुति सर्राफ र कोषाध्यक्षमा नाजुक अग्रवाल जैन सर्वसम्मबाट निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत निर्मल कुमार



चौधरीले जानकारी दिए ।

त्यस्तै कार्याकारिणी सदस्यहरुमा सिमरन झुन्झुनवाला, दीपा चौधरी अग्रवाल, नेहा मोहनका, रचिता सिंघानिया, इतिका टिवरेवाल खेतान र सरिता अग्रवाल सर्वसम्मत रुपमा निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत चौधरीले बताए ।

# रेक्टरमा डा.पण्डित नियुक्त

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको रेक्टरमा डा.रामनरेश पण्डित नियुक्त भएका छन् ।

अध्ययन-अध्यापनको लामो अनुभवी रहेका नवनियुक्त रेक्टर डा.पण्डित प्रोफेसर पनि हुन् । प्रादेशिक अस्पताल जनकपुरको डाइरेक्टर रहीसकेका डा.पण्डित गाइनोमा विशेषसमेत रहेका छन् । प्रतिष्ठानका रेक्टर डा.अंकुर साह उपकुलपति नियुक्त भएदेखि नै सो पद रिक्त रहेको थियो । सम्पूर्ण



मापदण्ड पूरा गरेका नवनियुक्त डा.पण्डित यस पदका लागि अब्बल पनि छन् ।

मधेश प्रदेश सरकारको पूर्ण स्वामित्वमा रहेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले हाल जनरल सर्जरी, गाइनो र इन्टरनल मेडिसिनमा स्नात्तकोत्तरको अध्यापन गराइरहेको छ ।

योग्यता पुगेका दक्ष, अनुभवीलाई मात्र नियुक्ति गरिने मधेश प्रदेश सरकारले जनाउँदै आएको थियो । सरकारले मधेशको गौरवको योजनामा राखेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले छोटो समयमै ठूलो उपलब्धि प्राप्त गरेको दाबी गर्दै आएको छ । रेक्टरको नियुक्ति भएसंगै एमबीबीएसको अध्यापनमा सहज हुने विश्वास लिइएको छ ।

**सामाजिक सञ्जालको सदुपयोग गरौं**

सामाजिक सञ्जालको अधिक प्रयोगले व्यक्तिमा एक्लोपन, परिवारमा अविश्वास र कलह तथा सामाजिक सद्भाव खल्वल्याउन सक्छ,

- सामाजिक सञ्जाललाई सकरात्मक विचार र प्रेरणा फैलाउने माध्यमको रुपमा प्रयोग गरौं,
- अनावश्यक र नकारात्मक सामाग्री, पोष्ट र शेयर नगरौं वा नराखौं,
- स्मार्टफोनकोअत्यधिकप्रयोगवाटवालवालिकालाईजोगाऔं,
- सामाजिक सञ्जाललाई सामाजिक सद्भाव, सहिष्णुता कायम गर्ने माध्यम वनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८